# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १३५ | काठमाडौं | शनिबार, २० भदौ २०८३ | Prabhab National Daily | Saturay, 05 September 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५ |-


## अस्पतालमा बेपत्ता तस्बिर हेर्दै टोलिइरहेका आँखा



*तस्बिर: रासस*

■ मधु शाही

**काठमाडौं–** अस्पतालको भित्ता हराएका व्यक्तिहरूको तस्बिरले भरिएको छ। कोही आफन्तको तस्बिर बोकेर हिँडिरहेका छन्, कोही उद्धार गरेर ल्याइएका व्यक्तिहरूको विवरण खोजिरहेका छन्। कसैको आँखामा आशा छ भने कसैको मुहारमा थकान। तर, सबैको साझा खोज छ, बेपत्ता भएका आफन्तको खबर पाउने।

माथिको शब्द दृश्य महाराजगञ्जस्थित टिचिङ अस्पतालको हो। भोटेकोशी नदीमा आएको बाढीपछि सम्पर्कविहीन भएका व्यक्तिहरूका आफन्तजन खोजी गर्दै अस्पतालको परिसरमा दौडधुप गरिरहेका छन्। त्यही खोजीको भीडमा थिए, रामेछापका रामहरि मानन्धर। बुधबार अस्पतालमा बाढीमा बेपत्ता भएकी दिदी पार्वती मानन्धरको तस्बिर बोकेर उनी अस्पताल परिसरमा यताउता गरिरहेका थिए।

बाढीपछि रसुवागढीस्थित अध्यागमन कार्यालयमा कार्यरत खरिदार पार्वती सम्पर्कविहीन भएको उनले जानकारी दिए। रामहरि र आमा

> कोही आफन्तको तस्बिर बोकेर हिँडिरहेका छन्, कोही उद्धार गरेर ल्याइएका व्यक्तिहरूको विवरण खोजिरहेका छन्। कसैको आँखामा आशा छ भने कसैको मुहारमा थकान। तर, सबैको साझा खोज छ, बेपत्ता भएका आफन्तको खबर पाउने।

चन्द्रकुमारी शिक्षण अस्पतालमा हरेक दिन धाउँछन्। दिदीको फोटो देखाउँदै अस्पतालमा रहेको सुरक्षाकर्मी र स्वास्थ्यकर्मीसँग सोधिरहन्छन्, 'मेरो दिदी भेटिनुभयो कि ?'

रामहरिका लागि पार्वती दिदीसँगै घर खर्च धान्ने दरिलो खम्बा हो। 'पहिला पढाइ पूरा गर्नु अनि जागिर खोज्नु,' भन्दै दिदीले शिक्षामा दिएको प्राथमिकता रामहरि अहिले झलझली सम्झिन्छन्। रामहरिका अनुसार घरको आर्थिक स्थिति कमजोर भएका कारण कान्छो भाइ एसइई सकेर क्याम्पस भर्ना गर्न बाँकी थियो। यसै महिना कान्छोभाइको पनि क्याम्पस भर्ना गर्ने भन्दै दिदी पार्वतीले बताएकी थिइन्। तर, अहिले भने बेपत्ता दिदी कहाँ र कस्तो अवस्थामा छन् ? बेखबर रहेको रामहरिले बताए।

पार्वतीकी आमा चन्द्रकुमारीलाई छोरी भेटिने आशा छ। सानैदेखि संघर्ष गरेर सरकारी जागिर खाएकी २२ वर्षीया पार्वतीको आँटिलो स्वभावले जसरी पनि भेटिने आमा चन्द्रकुमारीको अन्तरमनको भरोसा छ। उनका अनुसार जस्तोसुकै अवस्थामा भए पनि छोरी भेटिन्छे भन्ने लागेको छ। छोराछोरी हुर्काउन र पढाउन चन्द्रकलाले निकै संघर्ष गरेको बताउँछिन्। छोरी पार्वतीलाई मात्रै पढाउन उनले श्रीमान्सँग धेरै पटक विवाद गर्नु परेको सुनाइन्। 'श्रीमान्ले छोरी नपढाए हुन्छ भन्नुहुन्थ्यो,' उनले भनिन्, 'इँटाभट्टामा मजदुरी गरेर भए पनि छोरी पढाए, हुर्काएँ। अहिले कहाँ खोज्न जाउँ।'

पार्वतीले गत वैशाखमा खरिदारमा नाम निकालेपछि चन्द्रकुमारीका आँखामा हेर्दै 'अब हाम्रा सुखका दिन आए आमा' भन्दै खुसीको क्षण साटेको सम्झिन्छिन्।

⏭ क्रमशः पृष्ठ २ मा

## सञ्जय र कबिरको उद्धारले पलायो आशा





**माथिल्लो त्रिशूली–३ 'ए' बाट शुक्रबार बिहान आयोजनाका मेकानिकल सुपरभाइजर कबिर महर्जन (बायाँ) र नेपाल विद्युत प्राधिकरणका मेकानिकल फोरम्यान सञ्जय साहको उद्धार गर्दै नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरीलगायतका उद्धार टोली।** *तस्बिर सौजन्य: नेपाली सेना*

■ प्रभाव संवाददाता

**काठमाडौं–** भदौ १० गतेको भोटेकोशी बाढीपछि लेदो पसेर थुनिएको माथिल्लो त्रिशूली–३ 'ए' बाट शुक्रबार बिहान उद्धार टोलीले दुई जनालाई सकुशल उद्धार गरेको छ। बाढी आएदेखि सम्पर्कविहीन भएका मेकानिकल फोरम्यान सञ्जय साह र मेकानिकल सुपरभाइजर कबिर महर्जनलाई १० पछि बाहिर निकालेको हो।

साह र महर्जन अहिले काठमाडौंको छाउनीस्थित सैनिक अस्पतालमा उपचाररत छन्। उनीहरूको अवस्था सामान्य रहेको अस्पतालले जानकारी दिएको छ। यो जलविद्युत् आयोजनामा ४२ जना फसेको बताइएको छ। जसमध्ये साह र महर्जनको जीवितै उद्धार हुँदा एक जनाको भने शुक्रबार नै शव निकालिएको छ।

⏭ क्रमशः पृष्ठ २ मा



### ■ सञ्जय साह
मेकानिकल फोरम्यान

म कन्ट्रोल रूममा काम गर्थें। १० गते बिहान १० बजेको थियो। ठूलो एक्सिडेन्ट भयो ड्याममा, मैले सबैलाई भाग्न भनें। त्यसैले मलाई समय लाग्यो। अरुबेला त्यहाँ चार–पाँच जना हुने भए पनि यतिबेला भने ४०–४५ जना थिए। मेरो रेस्पोन्सबिलिटी सबैको ज्यान बचाउनु थियो। एक्सिडेन्ट भएपछि म एक्लै भागेर भएन, सबैलाई बचाउनुपर्‍यो। अन्तिममा म निस्किनै पाइनँ। हाम्रो छेउछाउ तीन–चार जना सम्पर्कमा हुनुहुन्थ्यो। पावर हाउसमा अरु पनि मान्छे हुनुहोला। सुरुङ लामो छ। म महामन्त्र जप गरेर बसेको थिएँ।



### ■ रामफल साह
सञ्जयका बुवा

सञ्जय साह मेरो जेठो छोरा हो। छोरा सुरुङभित्र परेको सुनेर हामीले घरमा पूजापाठ र प्रार्थना जारी राख्यौं। छोराको समाचार सुनेर आमाचाहिँ बेहोसीजस्तै छ। हातमा चोट लागेको छ। सरकारलाई हाम्रो धेरै धेरै धन्यवाद छ।



### ■ हीराशोभा महर्जन
कबिर महर्जनकी श्रीमती

मलाई के भएको भनेर सोध्नुभयो। पहिले त बोलचाल भएन। मलाई चिन्नु पनि भएन। मैले पानी ख्वाएपछि बल्ल टाउको हल्लाएर चिनें भन्नुभयो। खुट्टामा चोट लागेको रहेछ। पहेलो भएको रहेछ। सबै राम्रो छ भनेर डाक्टरले भन्नुभएको छ। उद्धार टोलीलाई धेरै धेरै धन्यवाद।



### ■ उदयराज न्यौपाने
जियोटेक्निकल इन्जिनियर

हामीले रातिबाटै खटेर बिहान दुई जनालाई निकालेका हौं। उहाँहरु छिटो भेटिनुमा उहाँहरु योङ पनि हुनुहुन्छ। खोज्नलाई अघि बढ्नुभएर होला। भित्र अरु पनि हुनुहुन्छ होला। भित्र अध्यारो पनि छ। हिलोले भरिएको छ। भित्र विभिन्न च्याम्बर हुन्छ। पानीले नक गर्दा कोठा खोल्न गाह्रो हुन्छ। चिसो पानीमा आत्तिएको अवस्थामा पनि हुनुहुन्छ होला। यसमा प्रहरी र सेना लाग्नुभएको छ। सञ्जयले पाँच–सात जना छन् भन्नुभएको छ।

सन्दर्भ: वैदेशिक रोजगार

## दक्षिण कोरियामा विदेशी 'केयरगिभर' भित्र्याउने तयारी

### नेपाली केयरगिभरका लागि खुल्न सक्छ अवसरको ढोका

■ प्रभाव संवाददाता

**काठमाडौं–** दक्षिण कोरियाले विदेशी 'केयरगिभर' भित्र्याउने योजना अघि बढाएको छ। तीव्र रूपमा बढ्दो वृद्ध जनसंख्या र हेरचाहकर्मीको गम्भीर अभाव सामना गरिरहेकाले अन्य मुलुकबाट 'केयरगिभर' ल्याउने योजना अघि बढाएको बुझिएको छ।

कोरियाली सरकारले आगामी वर्षदेखि दीर्घकालीन उपचार तथा हेरचाह सेवासँग सम्बन्धित नयाँ बिमा कार्यक्रम लागू गर्ने तयारी गरिरहेको 'द चोसुन डेली'ले जनाएको छ। जसमा आवश्यक जनशक्ति अभाव हुनसक्ने अनुमान गर्दै अन्य मुलुकबाट विदेशी कामदार ल्याउने विकल्पमाथि छलफल थालेको भनिएको छ।

समाचारका अनुसार त्यहाँको स्वास्थ्य मन्त्रालयले विदेशी कामदारलाई स्यहारकर्मीका रूपमा काम गर्न दिने विषयमा न्याय र श्रम मन्त्रालयसँग छलफल गरिरहेको छ। सरकारले ई–७ भिसाअन्तर्गत नर्सिङ केयरगिभरको नयाँ श्रेणी थप्ने वा



ई–९ भिसाको कार्यक्षेत्र विस्तार गर्ने भन्ने विकल्पमाथि आवश्यक छलफल गरिरहेको बताइएको छ।

हाल दक्षिण कोरियामा चीन तथा पूर्वसोभियत क्षेत्रका नागरिक 'एफ–४' अर्थात् ओभरसिज कोरियन भिसामार्फत केयरगिभरका रूपमा काम गर्दै आएका छन्। तर अन्य देशका सामान्य विदेशी नागरिकका लागि नर्सिङ अस्पतालमा केयरगिभरका रूपमा काम गर्न छुट्टै भिसाको व्यवस्था भने छैन।

त्यहाँको सरकारले आगामी वर्षदेखि विस्तार गर्ने बिमा कार्यक्रमअन्तर्गत ५०० वटा नर्सिङ अस्पताल छनोट गरी हेरचाह सेवाको गुणस्तर सुधार्ने लक्ष्य राखिएको जनाइएको छ। सरकारी अनुमानअनुसार ती अस्पतालका लागि ४९ हजारदेखि ७६ हजारसम्म केयरगिभर आवश्यक पर्ने समाचारमा उल्लेख छ। सन् २०२३ मा कोरियाका करिब एक हजार ३०० नर्सिङ अस्पतालमा ३४ हजार ९२९ केयरगिभर कार्यरत रहेको तथ्यांक छ।

कोरिया नर्सिङ अस्पताल संघले तीन सिफ्ट प्रणाली र नियमित बिदाको व्यवस्था लागू भए आवश्यक जनशक्ति अझै बढ्ने जनाएको समाचारमा उल्लेख छ। संघका अधिकारीहरूले पर्याप्त केयरगिभर उपलब्ध हुन नसके हेरचाह सेवासम्बन्धी सरकारी योजना प्रभावित हुन सक्ने बताउँदै आएका छन्।

कोरिया सरकारले विदेशी कामदार भित्र्याउनुअघि स्थानीय कामदारलाई आंशिक समय काममा लगाउने विकल्पमा पनि काम गरिरहेको जनाइएको छ। नर्सिङ अस्पताल र छोटो समय काम गर्न चाहने कामदारलाई जोड्न 'केयरगिभिङ पार्ट टाइम एप' विकास गर्ने तयारी भइरहेको समाचारमा उल्लेख छ। तर पार्टटाइम कामदारबाट मात्र जनशक्ति अभाव समाधान हुन नसक्ने अनुमान गरिएको छ।

⏭ क्रमशः पृष्ठ २ मा


'पीडामा साथ दिनु नै मानवता हो'

आउनुहोस्, भोटेकोशी बाढीप्रभावितको राहत र पुनःस्थापनाका लागि सक्दो सहयोग गरौं !

प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष

| बैंकको नाम | बैंक खाता नम्बर |
|---|---|
| हिमालयन बैंक लिमिटेड ($ डलर खाता) | 01905631210046 |
| स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लि. | 01013243801<br>02013243801 |
| राष्ट्रिय वाणिज्य बैंक | 1130100003762001<br>1130100000006006 |
| एभरेस्ट बैंक लिमिटेड | 00100105200270<br>00101102200012 |
| नेपाल बैंक लिमिटेड | 00211600510039000003<br>00200100510039000001 |
| ग्लोबल आइएमई बैंक लि. | 00401010000057<br>00411010000005 |
| नबिल बैंक | 1710017505285 |
| कृषि विकास बैंक लि. | 0100201002907014 |
| **प्रधानमन्त्री राहत कोष** | |
| राष्ट्रिय वाणिज्य कोष | 1430100000025006<br>1430100001164001 |

विपद्मा राज्यसँगै हामी

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

**पृष्ठ १ बाट क्रमशः**

## सञ्जय र कबिरको...

शुक्रबार उद्धारपछि अस्पताल भर्ना भएका साहले सुरुङमा ४५ जना रहेको आफूले सुनेको बताए । '१० गते बिहान १० बजेको थियो । ठूलो एक्सिडेण्ट भयो ड्याममा । मैले सबैलाई भाग्न भनेँ, त्यसैले मलाई समय लाग्यो । अरूबेला त्यहाँ चार-पाँच जना हुने भए पनि यतिबेला भने ४०-४५ जना थिए,' साहले भने ।

कोइलाडी-८ सप्तरी स्थायी ठेगाना भएका ३० वर्षीय साहले माथिल्लो त्रिशूली-३ 'ए' मा र काठमाडौंको बालकुमारी-३ घर भएका ४५ वर्षीय महर्जन जलविद्युत् स्वचालन परियोजनामा काम गरिरहेका थिए । सञ्चालनमा रहेको ६० मेगावाटको यो परियोजना बन्द गरी समग्र मर्मत (ओभरहलिङ) को काम भइरहेको थियो । त्यसो हुँदा विद्युत्गृहमा नदीबाट पानी छिर्ने सुरुङ बन्द गरिएको थियो ।

### बेपत्ता अरू पनि जीवितै भेटिने आशा

साह र महर्जनको उद्धारपछि थप कर्मचारी पनि भेटिने आशा उद्धारकर्मीहरूले गरेका छन् । गत शनिबारदेखि उद्धारमा खटिएको जियोटेक्निकल इञ्जिनियर उदयराज न्यौपाने भित्र विभिन्न कोठामा अझै मानिसहरू जीवितै रहेको हुनसक्ने बताउँछन् । 'उहाँहरू छिटो भेटिनुमा उहाँहरू योङ पनि हुनुहुन्छ । खोज्नलाई अघि बढ्नु भएर होला । भित्र अरू पनि हुनुहुन्छ होला । भित्र विभिन्न च्याम्बर हुन्छ । पानीले नक गर्दा कोठा खोल्न गाह्रो हुन्छ । चिसो पानीमा आत्तिएको अवस्थामा पनि हुनुहुन्छ होला,' इञ्जिनियर न्यौपानेले भने ।

बाढीपछि १३ जलविद्युत् आयोजना र त्यसमा कार्यरत करिब एक हजार कर्मचारी सम्पर्कविहीन भएका थिए । चिलिमे जलविद्युत् आयोजना र रसुवागढी जलविद्युत् आयोजनामा भने अझै पनि उद्धारको प्रतीक्षा कायम छ । रसुवागढी आयोजनाका ९३ जना कर्मचारी सम्पर्कविहीन छन् । उनीहरूमध्ये तीनदेखि १४ जनासम्म भूमिगत विद्युत् गृहभित्र फसेको प्राधिकरणको अनुमान छ ।

यस्तै, चिलिमे जलविद्युत् आयोजनाका छ जना कर्मचारी भूमिगत विद्युत्गृहमा फसेको आकलन छ । उनीहरूको उद्धारका लागि नेपाली र भारतीय सेनाको टोलीले पहुँचमार्ग खुलाइरहेको छ । मेसिनरी उपकरण लगेर सफाइ गर्न असम्भव भएपछि भारतीय सेनाको 'नेसनल डिजास्टर फोर्स'ले विद्युत्गृहसम्म पुग्ने बाटो छिचोल्न काम गरिरहेको छ ।

बाढीपछि चिलिमेको निकास सुरुङ (टेलरेस टनेल) जमिनको सतहभन्दा धेरै मुनि पुरिएकाले उद्धार कठिन भइरहेको छ । हिलो र लेदोको कारण कतिपय ठाउँमा सतह १० मिटरसम्म बढेको छ ।

### परिवारजनमा रौनक

सुरुङबाट उद्धारको खबर सुनेपछि सञ्जयका बुबा रामफल साह सप्तरीबाट काठमाडौं आइपुगेका छन् । रामफलले छोरा सकुशल देखेपछि निकै खुसी लागेको बताए । यद्यपि, आमा भने छोरा सुरुङमा फसेदेखि बिरामी रहेको रामफलले बताए । 'छोरा सुरुङभित्र परेको सुनेर हामीले घरमा पूजापाठ र प्रार्थना जारी राख्यौं । अहिले सकुशल काठमाडौं आइपुगेको छ । सरकारलाई हाम्रो धेरै धेरै धन्यवाद छ,' रामफलले भने ।

यता कबिरकी श्रीमती हीराशोभाले पनि उद्धार टोलीलाई धन्यवाद दिएकी छन् । सुरुमा श्रीमान्ले आफूलाई नचिनेको तर पानी खुवाएपछि चिनेको हीराशोभाले बताइन् । 'मलाई के भएको भनेर सोध्नुभयो । मैले पानी ख्वाएपछि बल्ल टाउको हल्लाएर चिनेँ भन्नुभयो । सबै राम्रो छ भनेर डाक्टरले भन्नुभएको छ । उद्धार टोलीलाई धेरै धेरै धन्यवाद,' हीराशोभा महर्जनले भनिन् ।

■■■

## अस्पतालमा बेपत्ता...

छोरी पार्वतीले भनेजस्तै चन्द्रकुमारीको जीवन दुःखबाट सुखतिर मोडिदै थियो । उनको यो खुसी भदौ १० गतेदेखि धमिलिएको छ । उनी भन्छिन्, 'छोरी हराएसँगै घरको आड भरोसा नै हरायो ।'

रसुवाका ५८ वर्षे फुर्पु तामाङका छोराबुहारी, दुई नातिनी र एक नाति गरी परिवारका पाँच सदस्य बेपत्तामा छन् । पहाडमा भएको पुर्खाको घर छोडेर तल्लो भाग स्याफ्रुबेंसीमा बस्दै आएका थिए । फुर्पु र उनकी श्रीमती रसुवाको माथिल्लो पहाडी भेगमा बस्छन् । बाढी आइरहँदा फुर्पुले कालो मुस्लोसहित भेल आएको देखे । उर्लिदै आएको मुस्लो देखेर छोरा, बुहारीलाई फोन सम्पर्क गर्न खोजे । तर, फोन सम्पर्क हुन सकेन । फुर्पु भन्छन्, 'एक जनामात्रै भेटिए पनि हुन्थ्यो । मेरो त बुढेसकालको साहारा नै हरायो ।'

गाउँ नै बगाएकाले छोरा, बुहारीको खबर सोध्ने छिमेकी कोही छैनन् । उनले कसलाई कहाँ गएर खोज्ने भन्ने अन्योलमा रहेको बताए । खोज्ने थलो अस्पतालबाहेक अरु कतै नदेखेपछि उनी हरेक दिन अस्पताल आउने गरेको सुनाए । श्रीमतीलाई छोरा आउँछ भन्दै आश्वासन दिइरहेको उनी बताउँछन् । मुटुको रोगी श्रीमतीको स्वास्थ्य बिग्रिने हुँदा झूटो बोल्न उनी बाध्य छन् । 'निर्धक्क रुन पनि सक्दिनँ । म नै कमजोर भए भने श्रीमतीलाई कसले सम्हाल्छ ?,' मन भारी बनाउँदै उनले भने, 'हराएको छोरो खोजिरहेको छु ।'

भोटेकोशी नदीमा आएको बाढीमा परी बेपत्ता भएका व्यक्तिहरूका आफन्तजन खोज्दै अस्पताल आउने संख्या बढ्दै गएको छ । हराएका परिवारको सदस्य र आफन्त खोज्दै विदेशमा रहेका आफन्तसमेत नेपाल आएका छन् ।

सिन्धुपाल्चोक हेलम्बु-४ का बक्सिङ तामाङ भोटेकोशी नदीमा आएको बाढीमा सम्पर्कविहीन भएका भाइ सुनबहादुर तामाङलाई खोज्दै जापानबाट नेपाल आए । उनका अनुसार बाढी आएको चार दिनसम्म जापानमै सामाजिक सञ्जालमार्फत भाइ खोजिदिन अपिल गरेको भए पनि त्यसले कुनै प्रभाव नपरेपछि आफैं नेपाल आएको बताए ।

अहिले महाराजगञ्जस्थित शिक्षण अस्पतालको परिसरमा बेपत्ता भएका भाइ सुनबहादुरको तस्बिर देखाउँदै खोजिदिन अपिल गरिरहेका छन् । उनले भने, 'जापानबाट आएको भोलिपल्टै भाइ खोज्दै बाढी प्रभावित क्षेत्र त्रिशूली पुगे । त्यहाँ पनि भेटिनँ । अहिले अस्पतालमा धाइरहेको छु ।' बक्सिङका अनुसार सुनबहादुर रसुवाको जलविद्युत् आयोजनामा खाना पकाउने काम गर्ने । भाइसँगै काम गरेर सबै साथीहरू घर फर्किएको सुनाउँदै बक्सिङले आफ्नो भाइ पनि भेटिने आशा राखेको सुनाए ।

रसुवा टिमुरेबाट बेपत्ता भएका खोटाङ घर भएका दोर्ची शेर्पालाई उनकी भतिजी सपना शेर्पा खोजी गर्दै काठमाडौंका अस्पतालमा चाहरिन् । कामको सिलसिलमा रसुवा बस्दै आएका काकाकाकी र दुई छोराछोरी बेपत्ता भएका उनले सुनाइन् । जसमध्ये, काकी भने कतै भेटिएको भन्ने खबर सुन्नमा आएको उनले बताइन् । तर, कहाँ भेटिएको छ अहिलेसम्म सम्पर्कमा नआएको सपनाले सुनाइन् । काकी भेटिएको खबरले एकातिर खुसी दिएको छ भने अर्कोतिर काका र स-साना भाइबहिनीको बेखरले निराशा बनाएको छ । सपना भन्छिन्, 'काकी भेटिनुभएको सुनेर मनमा आशा पलाएको छ ।'

सिन्धुपाल्चोकका रूपेश श्रेष्ठका ससुरा बा र मामाको छोरा खोज्दै हरेक दिन शिक्षण अस्पताल धाउँछन् । सवारीचालक काम गर्ने ससुरा बा र मामाको छोरा खोज्न रूपेश चितवनदेखि काठमाडौंका विभिन्न अस्पतालमा गएका छन् । 'आफन्तको सहयोगमा हेलिकप्टरको प्रयोग गरी चितवनसम्म खोज्न पुग्यौं । तर, कुनै पत्तो लागेन,' उनले भने, 'अस्पतालमा आउँछौं, खोज्छौं फर्किन्छौं । दैनिकी यसरी बितेको छ ।' आफन्त खोज्न उनीहरू हरेक दिन हातमा बेपत्ता आफन्तजनको तस्बिर बोकेर सैनिक अस्पताल, मनमोहन अस्पताल, नर्भिक अस्पताल, ट्रमा अस्पतालदेखि शिक्षण अस्पतालमा निरन्तर सम्पर्क गरिरहेका छन् । बिहानदेखि बेलुका ७-८ बजे अस्पतालमै बित्ने गरेको उनले सुनाए । चिनजानमा रहेका साथीहरू सबै बाढीमा बेपत्ता भएको उनले बताए ।

सिन्धुपाल्चोक मेलम्ची नगरपालिका-८ का यमबहादुरका छोरा सौगात गिरी बेपत्ता छन् । वसन्त भनेर चिनिने उनी टिमुरेमा मालवाहक ढुवानी चलाउने काम गर्दै आएका थिए । टिमुरेमा बाढीसँगै बेपत्ता भएका उनले अन्तिमपटक बुहारीसँग भदौ १० गते ८:३० बजे कुराकानी गरेको यमबहादुर बताउँछन् । छोराको साथीले बीचबाटै टिमुरेमा सवारी लिएर जान भनेपछि उतै गएको खबरमात्रै उनले पाएका छन् ।

यस खबरपछि छोरो बेखबर भएको चिन्ताले यमबहादुरको मन अशान्त छ । उनी भन्छन्, 'मेरो एउटै छोरो हो । हामीलाई बाँचुञ्जेल पाल्ने र मरेपछि फाल्ने उही नै थियो ।' टिमुरेको एक होटलमा बसेर बिहान ८:३० बजे चिया र खाजा खाँदै बुहारीलाई फोन गरेका थिए । त्यसको १० मिनेटपछि छोराको सम्पर्क टुटेको यमबहादुरले सुनाए । छोरो खोज्दै चितवनसम्म पुगे पनि अरु ठाउँ खोज्ने आफ्नो कुनै उपाय नभएको बताए । अस्पतालमा उद्धारमा आएका व्यक्तिमा छोरो भेटिन्छ कि ? भन्ने आशाले राख्दै उनी दैनिक अस्पताल आउँछन् । बेपत्ता छोरोको तस्बिरतिर हेर्दै भावुक हुँदै उनले भने, 'बूढेसकालको साहारा यही थियो । अब कहाँ खोज्न जाउँ ?' रासस

■■■

## दक्षिण कोरियामा...

वृद्ध तथा गम्भीर बिरामीको निरन्तर हेरचाह, सरसफाइजस्ता काममा पर्याप्त स्थानीय कामदार आकर्षित गर्न कठिन हुने देखिएपछि सरकारले विदेशी कामदार ल्याउने विकल्पमाथि पनि छलफल अघि बढाएको जनाइएको छ ।

सन् २०२४ मा कोरियाले परीक्षणका रूपमा १०० फिलिपिनी घरेलु कामदार लगेको थियो । न्यूनतम ज्यालाका कारण सेवा महँगो भएपछि उक्त कार्यक्रमको माग अपेक्षानुसार बढ्न नसकेको भनिएको छ ।

कोरियाको यो तयारी नेपालका लागि पनि महत्त्वपूर्ण हुन सक्ने सरोकारवालाहरू बताउँछन् । यदि केयरगिभिङ क्षेत्रलाई ई-९ भिसाअन्तर्गत विस्तार गर्ने निर्णय भए नेपाली श्रमिकका लागि पनि नयाँ रोजगारीको अवसर खुल्न सक्ने उनीहरूको भनाइ छ । कोरियाले रोजगार अनुमति प्रणाली (इपिएस)मार्फत नेपाली श्रमिक लगिरहेको छ । हाल नेपाली श्रमिक विशेषगरी उत्पादन तथा कृषि क्षेत्रमा बढी जाने गर्छन् । सन् २००८ देखि हालसम्म एक लाख २५ हजारभन्दा बढी नेपालीले कोरियामा रोजगारीको अवसर पाएका तथ्यांक छ ।

# विपदमा बाल संरक्षणलाई प्राथमिकता दिन आग्रह

**काठमाडौं (प्रस)**– बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप) ले रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीमा बेपत्ता भएकाको खोजी तथा उद्धार कार्यलाई थप प्रभावकारी बनाउन सरकार र सम्बन्धित निकायसँग आग्रह गरेको छ । अभियानका अध्यक्ष तिलोत्तम पौडेल र महासचिव राजु घिमिरेले जारी गरेको प्रेस विज्ञप्तिमा बाढीबाट प्रभावित परिवार तथा समुदायको अवस्था अझै पीडादायी र चुनौतीपूर्ण रहेकाले प्रभावित सबै स्थानमा राहत तथा मानवीय सहायता समानरूपमा पुर्‍याउन आग्रह गरिएको छ ।

सिजपले विपद्मा परेका बालबालिकाको सुरक्षा, स्वास्थ्य, पोषण, संरक्षण तथा शिक्षालाई विशेष प्राथमिकता दिनुपर्नेमा जोड दिएको छ । परिवारबाट छुट्टिएका वा अभिभावक गुमाएका बालबालिकाको तत्काल पहिचान गरी सुरक्षित संरक्षण, परिवारसँग पुनर्मिलन तथा आवश्यक स्वास्थ्य र मनोसामाजिक सहयोगको व्यवस्था गर्न पनि सम्बन्धित निकायको ध्यानाकर्षण गराइएको छ ।

विपद्का बेला बालबालिका बेचबिखन तथा ओसारपसारको जोखिममा पर्न सक्ने भएकाले उनीहरूको संरक्षणमा विशेष सतर्कता अपनाउन अभियानले आग्रह गरेको छ । प्रभावित बालबालिकामा देखिन सक्ने डर, तनाव, चिन्ता तथा मानसिक आघातलाई सम्बोधन गर्न बालमैत्री मनोसामाजिक परामर्श तथा सहयोगलाई राहत र पुनःस्थापनाको अभिन्न अंग बनाउनुपर्ने सिजपको आग्रह छ ।


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रोपटक प्रकाशित मिति : २०८३/०५/२०**

यस कम्पनीको मिति २०८३/०४/२९ को विशेष साधारण सभाको निर्णयबाट यस कम्पनीको नाम **एस गुरु प्रा.लि.** बाट परिवर्तन गरि एस **रिफ्लेक्टीभ प्र्याक्टिस स्कुल प्रा.लि.** गरिएको र कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०५/१५ को निर्णयले स्विकृति प्रदान गरेको हुँदा साविक नामको कम्पनीको सम्पुर्ण सम्पत्ति दायित्व, कर आदि र कार्यक्रमहरु यसै परिवर्तित कम्पनी एस **रिफ्लेक्टीभ प्र्याक्टिस स्कुल प्रा.लि.** को नामबाट संचालन गरिने जानकारी सहित यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**VACANCY ANNOUNCEMENT**

**South Asia Field Epidemiology and Technology Network Inc (SAFETYNET)**

SAFETYNET invites applications for the position of **Country Head, Nepal.**
**Duty Station** : Kathmandu, Nepal | **Type**: Full-time | **Experience Required**: Minimum 10 years

**EDUCATIONAL QUALIFICATIONS**
- MBBS from a recognized institution; MPH (Epidemiology) or MSc (Applied Epidemiology) preferred.
- Graduation from Advanced FETP required; Frontline/Intermediate FETP training may count toward the required experience.

**KEY QUALIFICATIONS AND EXPERIENCE**
- Minimum 10 years' experience in field epidemiology, public health surveillance, or outbreak response, including senior/advisory roles within a national FETP or public health institution.
- Experience leading FETP curriculum development and training delivery (Frontline, Intermediate, and/or Advanced levels).
- Experience managing national disease surveillance systems (e.g., influenza, cholera, Nipah, anthrax, event-based/hotline surveillance).
- Experience in immunization surveillance (AEFI, cold chain evaluation, coverage assessments) and outbreak response coordination (case investigation, contact tracing).
- Experience mentoring FETP residents/mentors or supporting FETP programs internationally is an advantage.
- Teaching/research experience in public health or epidemiology is an advantage.
- Fluency in English proficiency an asset.
- Strong analytical, coordination, and report-writing skills.

*Priority shall be given to Nepalese employees.*

**HOW TO APPLY**
Submit CV, cover letter, and certificates to p.acharya@safetynet-web.org by 18th September, 2026

**ओमनमा रोजगार** कम्पनी : TITAN CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०५/१९ LT. No. 347248 चलानी नं. ६०२६७१९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Welder | 3 | 0 | 160 | ६२,८७६ | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | General Pipe Fitter | 2 | 0 | 160 | ६२,८७६ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भाद्र २७ गते (12th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

International Trade Links Nepal Pvt. Ltd. Govt. License No. 706/064/065

**INTERNATIONAL TRADE LINKS NEPAL PVT.LTD.**
KMC-4, Dhumbarahi, Kathmandu, Nepal, Tel: +977-1-4970669
E-mail : info@itlnepal.com, nir@itlnepal.com, Web: www.itlnepal.com


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**शनिबार, २० भदौ, २०८३**

**मेष** – रोकिएका काम अघि बढ्नेछन् । परिवारबाट सहयोग मिल्नेछ र खर्चमा भने ध्यान दिनु राम्रो हुनेछ ।

**वृष** – मेहनतको राम्रो परिणाम प्राप्त हुनेछ । पारिवारिक वातावरण सुखद रहनेछ ।

**मिथुन** – जिम्मेवारी बढे पनि काम सफलतापूर्वक पूरा गर्न सकिनेछ । आर्थिक लाभको सम्भावना छ ।

**कर्कट** – नयाँ अवसरले उत्साह बढाउनेछ । पुराना समस्या समाधान हुँदै जानेछन् ।

**सिंह** – मनमा रहेको अन्योल कम हुनेछ । परिवारको साथ र सहयोगले महत्वपूर्ण काम पूरा गर्न सहज हुनेछ ।

**कन्या** – नयाँ सम्पर्कबाट लाभ मिल्न सक्छ । बोलीमा संयम राख्दा सम्बन्ध अझ राम्रो बन्नेछ ।

**तुला** – नयाँ योजना सुरु गर्न अनुकूल दिन छ । साथीभाइ तथा सहकर्मीबाट सहयोग प्राप्त हुनेछ ।

**वृश्चिक** – व्यापार तथा रोजगारीमा सकारात्मक परिवर्तन आउन सक्छ । अनावश्यक विवादबाट टाढा रहनु राम्रो ।

**धनु** – आत्मविश्वास बढ्नेछ । महत्वपूर्ण निर्णय गर्दा हतार नगर्नुहोस् ।

**मकर** – यात्रा वा नयाँ कामको अवसर मिल्न सक्छ । आर्थिक कारोबारमा सावधानी अपनाउनु उचित हुनेछ ।

**कुम्भ** – कार्यक्षेत्रमा प्रतिष्ठा बढ्नेछ । मेहनतअनुसार सफलता र आर्थिक लाभ प्राप्त हुने सम्भावना छ ।

**मीन** – काममा उत्साह बढ्नेछ । आर्थिक पक्ष सुधारिनुका साथै नयाँ अवसर प्राप्त हुन सक्छ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२० भदौ, २०८३ (०५ सेप्टेम्बर २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ | १५१.६६ | १५२.२६ |
| युरो | १ | १७५.४९ | १७६.१८ |
| पाउन्ड स्टिर्लङ | १ | २०४.५१ | २०५.३१ |
| स्विस फ्रैन्क | १ | १८६.०५ | १८६.७९ |
| अस्ट्रेलियन डलर | १ | १०८.०४ | १०८.४६ |
| क्यानाडियन डलर | १ | १०८.८३ | १०९.२६ |
| सिङगापुर डलर | १ | ११९.०३ | ११९.५० |
| जापानी येन | १० | ९.४९ | ९.५२ |
| चिनियाँ युआन | १ | २२.५६ | २२.६५ |
| साउदी अरब रियाल | १ | ४०.३९ | ४०.५५ |
| कतारी रियाल | १ | ४१.६० | ४१.७७ |
| थाई भाट | १ | ४.५५ | ४.५७ |
| संयुक्त अरब इमिरेट दिराम | १ | ४१.२९ | ४१.४६ |
| मलेसियन रिङेट | १ | ३७.४९ | ३७.६४ |
| दक्षिण कोरियन वन | १०० | ११.१० | ११.१४ |
| स्विडिस क्रोनर | १ | १५.६९ | १५.७५ |
| डेनिस क्रोनर | १ | २३.४८ | २३.५७ |
| हङकङ डलर | १ | १९.३४ | १९.४१ |
| कुवेती दिनार | १ | ४९३.७७ | ४९५.७२ |
| बहराइन दिनार | १ | ४०२.२७ | ४०३.८६ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।



रसुवाको भोटेकोशी नदीमा यही भदौ १० गते गएको बाढीका कारण फसेका त्रिशुली-३ 'ए' जलविद्युत् आयोजनामा कार्यरत एक कर्मचारीको १० दिनपछि शुक्रबार जीवित्तै उद्धार गर्दै नेपाली सेनासहितको उद्धार टोली । शुक्रबार बिहान नेपाल विद्युत् प्राधिकरणका मेकानिकल फोरम्यान सञ्जय साह र त्रिशुली-३ 'ए' का मेकानिकल सुपरभाइजर कबिर महर्जनको उद्धार गरिएको हो । *तस्बिर: रासस*



भदौ १० गतेको रसुवास्थित भोटेकोशीमा आएको बाढीका कारण बेपत्ता रहेका सिन्धुपाल्चोक-७ का ३६ वर्षीय राजकुमार दर्जीको शुक्रबार कुशको शव बनाएर पशुपति आर्यघाटमा अन्त्येष्टि गरिँदै । *तस्बिर: रासस*

# 'जलवायु संकटसँग जुध्न विकासशील मुलुकलाई थप वित्तीय तथा प्राविधिक सहयोग आवश्यक'

**काठमाडौं–** अतिकम विकसित मुलुक (एलडिसी) समूहले जलवायु परिवर्तनबाट उत्पन्न संकटसँग जुध्न विकासशील तथा जोखिममा रहेका मुलुकलाई थप वित्तीय, प्राविधिक तथा क्षमता अभिवृद्धिको सहयोग आवश्यक रहेको जनाएको छ ।

टिमोर-लेस्टेको राजधानी डिलीमामा सम्पन्न अतिकम विकसित मुलुक समूहका जलवायु परिवर्तनसम्बन्धी मन्त्री तथा प्रतिनिधिमण्डल प्रमुखहरूको बैठकले 'डिली मन्त्रीस्तरीय जलवायु परिवर्तन घोषणापत्र' जारी गर्दै जलवायु संकटबाट प्रभावित मुलुकलाई पर्याप्त, अनुमानयोग्य, सहज र अनुदानमा आधारित सहयोग उपलब्ध गराउन जोड दिएको हो ।

डिलीमा रहेका कृषि, वन तथा पर्यावरण मन्त्रालयका प्रवक्ता डा. महेश्वर ढकालले घोषणापत्रमा नेपालमा हालै हिमाली क्षेत्रमा भएको जलवायु परिवर्तनजन्य हिमपहिरो तथा चट्टान खसाइपछि आएको बाढीबाट ठूलो मानवीय तथा भौतिक क्षति भएकामा नेपालप्रति गहिरो सहानुभूति तथा ऐक्यबद्धता व्यक्त गरिएको जानकारी दिए ।

'जलवायु परिवर्तनका कारण अतिकम विकसित मुलुकमा जनजीवन, जीविकोपार्जन, स्वास्थ्य, समुदाय तथा वर्षौंका विकास उपलब्धिमा गम्भीर असर परिरहेको उल्लेख गर्दै घोषणापत्रले जलवायु संकट न्यूनीकरणका लागि तत्काल महत्त्वाकांक्षी र न्यायोचित कदम चाल्नुपर्नेमा जोड दिएको छ,' उनले भने, 'घोषणापत्रमा अतिकम विकसित मुलुकले जलवायु परिवर्तनमा नगण्य योगदान गरे पनि त्यसबाट उत्पन्न असर असमानरूपमा भोग्नुपरेको उल्लेख छ । जोखिममा रहेका समुदायको संरक्षणका लागि अन्तर्राष्ट्रिय सहयोग र बहुपक्षीय सहकार्य थप सुदृढ गर्नुपर्ने उल्लेख छ ।'




एलडिसी समूहले विश्वव्यापी तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसभित्र सीमित राख्ने लक्ष्यअनुरूप हरितगृह ग्यास उत्सर्जनमा गहिरो कटौती गर्न आह्वान गरेको छ । चालु दशकभित्रै उत्सर्जन घटाउने कार्यलाई तीव्रता दिनुपर्ने, ऊर्जा प्रणालीमा रूपान्तरण गर्नुपर्ने तथा अनुकूलन र जलवायुजन्य हानि तथा नोक्सानी सम्बोधनका लागि वित्तीय सहयोग बढाउनुपर्ने घोषणापत्रमा उल्लेख छ ।

समूहले जलवायु वित्तमा अनुदानमा आधारित सार्वजनिक वित्तको मात्रा उल्लेख्यरूपमा बढाउन माग गरेको छ । नयाँ सामूहिक परिमाणात्मक जलवायु वित्त लक्ष्य (एनसिक्युगिजी) कार्यान्वयनमा तत्काल प्रगति गर्दै विकसित मुलुकले सन् २०३५ सम्म प्रतिवर्ष ३०० अर्ब अमेरिकी डलरको लक्ष्यतर्फ नेतृत्व लिनुपर्ने तथा जलवायु वित्त परिचालनलाई कम्तीमा १.३ ट्रिलियन अमेरिकी डलर प्रतिवर्ष पुर्‍याउने दिशामा अघि बढ्नुपर्ने माग गरिएको छ ।

त्यसैगरी, अनुकूलन वित्त सन् २०३५ भन्दा धेरै अगावै तीन गुणा वृद्धि गरी प्रतिवर्ष कम्तीमा १२० अर्ब अमेरिकी डलर पुर्‍याउन आह्वान गरिएको छ । जलवायुजन्य हानि तथा नोक्सानी सम्बोधन कोष, अतिकम विकसित मुलुक कोष, हरित जलवायु कोष, अनुकूलन कोष तथा विश्व वातावरण सुविधामा नयाँ तथा उल्लेख्य योगदान गर्न पनि विकसित मुलुकलाई आग्रह गरिएको छ ।

हानि तथा नोक्सानीसम्बन्धी कोषमा स्रोतको माग उपलब्ध रकमभन्दा धेरै रहेको जनाउँदै घोषणापत्रले कोप-३१ बाट थप स्रोत परिचालनका लागि स्पष्ट सन्देश दिनुपर्नेमा जोड दिएको छ । जलवायु परिवर्तनका कारण बसाइँसराइ, विस्थापन र योजनाबद्ध पुनःस्थापनाको जोखिम बढिरहेको भन्दै यस विषयमा केन्द्रित मन्त्रीस्तरीय संवाद सञ्चालन गर्न पनि आह्वान गरिएको छ ।

घोषणापत्रले अनुकूलन र उत्थानशीलता विकासका लागि वित्तीय सहयोगसँगै प्रविधि हस्तान्तरण तथा क्षमता अभिवृद्धिलाई प्राथमिकता दिनुपर्ने उल्लेख गरेको छ । जलवायु उत्थानशील तथा दिगो कृषिलाई अनुकूलनको प्राथमिकतामा राख्दै खाद्यसुरक्षा तथा जोखिममा रहेका किसानको जीविकोपार्जन संरक्षण गर्न पर्याप्त वित्त, प्रविधि र क्षमता विकास आवश्यक रहेको समूहले जनाएको छ ।

यसैगरी, एलडिसी समूहले जलवायु कार्यमा लैंगिक उत्तरदायी दृष्टिकोणलाई मूलधारमा ल्याउन, जोखिममा रहेका महिला तथा स्थानीय तहमा कार्यरत महिलाको निर्णय प्रक्रिया, वित्त, प्रविधि र उत्थानशील जीविकोपार्जनमा पहुँच बढाउन पनि जोड दिएको छ । न्यायोचित ऊर्जा रूपान्तरणलाई सामाजिक-आर्थिक अवस्था, विकास प्राथमिकता तथा ऊर्जा आवश्यकतासँग जोड्दै दिगो विकास, गरिबी न्यूनीकरण, मर्यादित रोजगारी र स्वच्छ ऊर्जामा पहुँच विस्तार गर्नुपर्ने घोषणापत्रमा उल्लेख छ ।

आगामी कोप-३१ ले अतिकम विकसित मुलुकका प्राथमिकता, भौगोलिक वास्तविकता, आवश्यकता र विशेष परिस्थितिलाई सम्बोधन गर्ने न्यायोचित, महत्त्वाकांक्षी, समावेशी तथा कार्यान्वयनमुखी परिणाम दिनुपर्नेमा समूहले जोड दिएको छ । एलडिसी समूहले जलवायु संकटलाई वातावरणीय समस्यामात्र नभई मानव जीवन, स्वास्थ्य, खाद्यसुरक्षा, जीविकोपार्जन, अर्थतन्त्र र विकाससँग प्रत्यक्ष जोडिएको चुनौतीका रूपमा सम्बोधन गर्नुपर्ने निष्कर्षसमेत प्रस्तुत गरेको छ । *रासस*

# भोटेकोशीका बाढीपीडितको पुनःस्थापना यथाशीघ्र गरिने

**काठमाडौं–** भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले रसुवा-भोटेकोशी क्षेत्रमा गएको बाढीबाट प्रभावित तथा विस्थापित परिवारको सुरक्षित पुनःस्थापना र अस्थायी बसोबासका लागि उपयुक्त जग्गा पहिचान गर्न समिति गठन गरेको छ ।

नापी विभागका महानिर्देशक प्रकाश जोशीको संयोजकत्वमा समिति गठन गरिएको मन्त्रालयले जनाएको छ । समितिमा संघीय मामिला महाशाखाका प्रतिनिधि, पूर्वाधार मन्त्रालयका प्रतिनिधि, भूमि व्यवस्थापन तथा अभिलेख विभागका निर्देशक, सम्बन्धित जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी, सम्बन्धित स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत, जिल्ला समन्वय अधिकारी, जिल्ला प्रहरी कार्यालय तथा सशस्त्र प्रहरी बलका प्रतिनिधि, भूमि प्रशासन कार्यालय प्रमुख र नापी कार्यालय प्रमुख सदस्य रहेका छन् । उपसचिव (प्रा) दामोदर वाग्ले सदस्यसचिव पनि रहेका छन् ।

मन्त्रालयका अनुसार समितिलाई बाढीका कारण घरजग्गामा क्षति भई विस्थापित भएका, सोही स्थानमा बसोबास गर्न जोखिमपूर्ण भएका तथा जोखिम हुँदाहुँदै पनि प्रभावित क्षेत्रमा बसोबास गरिरहेका परिवारको यथार्थ विवरण पहिचान गर्ने जिम्मेवारी दिइएको छ । समितिले बाढीपीडित परिवारको पहिचानदेखि पुनःस्थापनाका लागि आवश्यक जग्गाको छनोट, स्थलगत अध्ययन, प्रारम्भिक विपद् जोखिम मूल्यांकन तथा अस्थायी बसोबासका लागि आवश्यक कानुनी प्रक्रियासम्मका विषय समेटेर स्पष्ट सुझाव तथा सिफारिससहितको प्रतिवेदन मन्त्रालयमा पेस गर्ने छ ।

समितिले सम्बन्धित स्थानीय तहको समन्वयमा बाढीपीडित परिवारको वास्तविक विवरण संकलन तथा पहिचान गर्ने छ । पुनःस्थापनाका लागि आवश्यक पर्ने जग्गा सम्बन्धित स्थानीय तह, जिल्लास्थित भूमि प्रशासन कार्यालय र नापी कार्यालयको सहयोगमा पहिचान गरिने छ ।

पहिचान भएका जग्गाको स्थलगत अध्ययन गरी सम्बन्धित विषयविज्ञको सहयोगमा प्रारम्भिक विपद् जोखिम मूल्यांकन गरिने मन्त्रालयले जनाएको छ । समितिले जग्गाको भौगोलिक अवस्था, बाढी तथा पहिरोको जोखिम, बसोबासका लागि उपयुक्तता र आवश्यक पूर्वाधारलगायतका विषयको अध्ययन पनि गर्ने छ । *रासस*


## युएइमा रोजगार

कम्पनी : PROFILE RECRUITMENT - SOLE PROPRIETORSHIP L.L.C.

पूर्व स्वीकृति मिति : २०८३/०५/१८ | LT. No. 347486 | चलानी नं. ६०२६०६९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker/Labour | 200 | 0 | 1000 | ४१,०५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ २६ गते (11th Sep. 2026) मा हुनेछ ।

नोट : लट नं. 347486 भएको कम्पनी PROFILE RECRUITMENT - SOLE PROPRIETORSHIP L.L.C. कम्पनीको विज्ञापन मिति २०८३ भदौ १९ गते प्रकाशन हुनुपर्नेमा विशेष कारण छुटन गएकोले आज मिति २०८३ भदौ २० गते प्रकाशन गरिएको व्यहोरा अनुरोध छ

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SOE श्रम ईजाजत नं. ४९७/०६१/०६२

Shuvam Overseas Employment Pvt. Ltd.

Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043, Mobile: 9851196634, 9867835681, 9814462098, 9841777604, E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com

## युएइमा रोजगार

कम्पनी : FOCUS POWER SECURITY SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८२/04/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/१९ | LT. No. 328396 | चलानी नं. ६०२४२२६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ordinary Labour | 14 | 0 | 1000 | ४१,०५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician GCC | 10 | 0 | 1500 | ६१,५८५ | | | | | | | |
| 3 | AC/HVAC Technician | 10 | 0 | 1500 | ६१,५८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भाद्र २७ गते (12th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Permission No. 1676/080/081

INTERPID RECRUITMENT SERVICES PVT. LTD

Sinamangal-9, Kathmandu, Tel: + 977-1-4560530/4560531

Contact Person : 9851405196, 9802368141, Mail: info@interpidhr.com, Web: www.interpidhr.com

INTREPID LEARN ADAPT EVOLVE

## कतारमा रोजगार

कम्पनी : OUR OWN CONTRACTING & HOSPITALITY

पूर्व स्वीकृति मिति : २०८२/04/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/१९ | LT. No. 328724 | चलानी नं. ६०२४३२८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Supervisor | 1 | 2 | 2500 | १,०३,६७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Receptionist | 0 | 1 | 1500 | ६२,२०७ | | | | | | | |
| 3. | Ground Host For Reservation | 0 | 1 | 1500 | ६२,२०७ | | | | | | | |
| 4. | Foreman | 0 | 1 | 2500 | १,०३,६७८ | | | | | | | |
| 5. | Dry Cleaning Worker | 0 | 9 | 1000 | ४१,४७२ | | | | | | | |
| 6. | Driver | 1 | 0 | 1700 | ७०,५०२ | | | | | | | |
| 7. | Carpenter | 1 | 0 | 1200 | ४९,७६६ | | | | | | | |
| 8. | Accountant Gen. | 1 | 0 | 3800 | १,५७,५९१ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भाद्र २७ गते (12th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 1535/078/079

Global Recruitment Group Pvt.Ltd. (BASNET AND GROUP HUMAN RESOURCE PVT LTD)

Tokha-10, Samakhusi, Kathmandu, Head Office Contact: 01-5910484, 9820103691 / 9801193079

Chitwan Branch: 9855017097, Pokhara Branch: 9802854870, Email : info@grgnepal.com.np

## कुवेतमा रोजगार

कम्पनी : LIGHT FIELDS FOODSTUFF COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०५/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/१९ | LT. No. 331028 | चलानी नं. ६०२४४७३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assist Cook | 10 | 0 | 140 | ६८,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Assistant Chef (Asst. Cook) | 4 | 0 | 140 | ६८,४४५ | | | | | | | |
| 3 | Barista | 2 | 0 | 140 | ६८,४४५ | | | | | | | |
| 4 | Butcher | 3 | 0 | 140 | ६८,४४५ | | | | | | | |
| 5 | Chef De Party (Cdp) (Cook) | 7 | 0 | 250 | १२२,२४५ | | | | | | | |
| 6 | Commis Baker | 5 | 0 | 160 | ७८,२२५ | | | | | | | |
| 7 | Data Entry Operator | 2 | 0 | 150 | ७३,३४५ | | | | | | | |
| 8 | Demi Chef De Party (Dcdp) (Cook) | 7 | 0 | 230 | ११२,४४५ | | | | | | | |
| 9 | Driver (Light Driver) | 5 | 0 | 150 | ७३,३४५ | | | | | | | |
| 10 | Helper | 5 | 0 | 110 | ५३,७८० | | | | | | | |
| 11 | Store Keepar | 2 | 0 | 170 | ८३,११० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भाद्र २७ गते (12th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL

Omega International Pvt. Ltd.

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com

Govt. License No. 1352/074/075

## युएइ/कुवेतमा रोजगारको अवसर

Free Visa!! Free Ticket!!

कम्पनी : KELVIN CATERING SERVICES (EMIRATES) LLC

पूर्व स्वीकृति मिति : २०८२/04/08 | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०५/१९ | LT. No. 327376 | चलानी नं. ६०२४११७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Arabic Food Cook/cooks | 7 | 0 | 1600 | ६५,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Butchery | 2 | 0 | 1800 | ७३,९०० | | | | | | | |
| 3. | Foreign Food Cook | 35 | 0 | 1800 | ७३,९०० | | | | | | | |
| 4. | Painter Wall | 1 | 0 | 1800 | ७३,९०० | | | | | | | |
| 5. | Supervisor/gen. Supervisor | 3 | 1 | 2500 | १०२,६४० | | | | | | | |
| 6. | Waiter (General) | 0 | 7 | 1200 | ४९,२६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असोज १/२/३ गते (17/18/19th Sep. 2026) मा हुनेछ ।

कम्पनी : MOHAMED NASER AL HAJERY & SONS LTD. CO.

पूर्व स्वीकृति मिति : २०८२/१०/२८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/१९ | LT. No. 338828 | चलानी नं. ६०२५२३२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Stewarding | 1 | 0 | 90 | ४४,००० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Commis 3 | 6 | 0 | 130 | ६३,५५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भाद्र २७ गते (12th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने | भिषा शुल्क कसले दिने | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्कः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो संग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

VISION & VALUE

VISION & VALUE OVERSEAS PVT. LTD.

Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450,

Tribhuban Sen Mobile No. 9767659355, E-mail : apply@vnvnepal.com | URL: www.vnvnepal.com

श्रम इजाजत नं. ८२२/०६६/०६७

# हराउँदै गौरा पर्वको मौलिकता



"एक दशकअधिसम्म बिरूडा पञ्चमीका दिन गाउँघरका सबै महिला सामूहिकरूपमा भेला भएर एकै स्थानमा बिरूडा भिजाउने गर्थे । गौरा पर्व मनाउने छुट्टै घर(गौराघर) हुन्थ्यो एउटै आँगनमा गाउँभरिका महिला भेला भएर विधिवतरूपमा गौरा पर्व मनाउने चलन थियो । तर पछिल्लो समय सामूहिकरूपमा मनाउने गौरा छुट्टाछुट्टै मनाउन थालिएको छ ।"

गौरा मनाउने चलनमात्रै होइन, गौरामा गाइन फाग सगुनसमेत लोप हुन थालेकोप्रति यहाँका पाका पुस्ताले चिन्ता व्यक्त गरेका छन् । गौरामा गाइने फागहरु लयमा गाउन जान्ने मानिससमेत सीमित हुँदा यसको महिमा विस्तारै हराउँदै जानेमा व्रतालु रतनादेवी भट्ट चिन्ता व्यक्त गर्छिन् ।

**महादेव अवस्थी**/कञ्चनपुर

समयको गतिसँगै पछिल्लो समय सुदूरपश्चिमको मुख्य पर्व मानिने गौराको मौलिकता हराउँदै जान थालेको छ । एक दशकअधिसम्म बिरुडा पञ्चमीका दिन गाउँघरका सबै महिला सामूहिकरूपमा भेला भएर एकै स्थानमा बिरुडा भिजाउने गर्थे । गौरा पर्व मनाउने छुट्टै घर(गौराघर) हुन्थ्यो एउटै आँगनमा गाउँभरिका महिला भेला भएर विधिवतरूपमा गौरा पर्व मनाउने चलन थियो । तर पछिल्लो समय सामूहिकरूपमा मनाउने गौरा छुट्टाछुट्टै मनाउन थालिएको छ ।

'पहिला हामी सामूहिकरूपमा एउटै ठाउँमा गौरा मनाउथ्यौं, बिरुडा भिजाएको दिनदेखि गौरा समापनसम्मका सबै कार्यक्रम एकै स्थानमा हुन्थ्यो,' कञ्चनपुरको बेदकोट नगरपालिका-७ की स्थानीय गोमती भट्टले भनिन्, 'अहिले घरघरमा बिरुडा राखिन्छ पहिला एउटै घरमा गाउँभरि सबैका बिरुडा भिजाइन्थ्यो ।' गाउँभरिको मानिस एउटै स्थानमा भेला भएर उत्साहका साथ मनाउने गौरा अहिले सानो-सानो समूहमा छुट्टाछुट्टै मनाउन थालिएको उनको भनाइ छ ।

गौरा मनाउने चलनमात्रै होइन, गौरामा गाइन फाग सगुनसमेत लोप हुन थालेकोप्रति यहाँका पाका पुस्ताले चिन्ता व्यक्त गरेका छन् । गौरामा गाइने फागहरू लयमा गाउन जान्ने मानिससमेत सीमित हुँदा यसको महिमा विस्तारै हराउँदै जानेमा व्रतालु रतनादेवी भट्ट चिन्ता व्यक्त गर्छिन् । 'हामी बाँचुञ्जेलसम्म त यसले निरन्तरता पाउला, हामीपछिका सन्ततिले यसको महत्त्व नै बुझेका छैनन्,' उनी भन्छिन् । अहिलेका पुस्तामा परम्परागत पर्वकाबारेमा जान्ने इच्छा नै नभएको उनी बताउँछिन् ।

गौरा पर्वको आफ्नै गरिमा र महिमा छ । गौरा महिलाले व्रत बस्ने, दुबधागो लगाउनेसँग सम्बन्धित छ । अहिलेको पुस्ताले भने गौराको महत्त्वप्रति ख्यालै नगरी केबल रमाइलोका लागिमात्रै गौरा मनाउने गरेको यहाँको संस्कृतिका जानकार शिवदत्त जोशीले बताए । गौरा पर्व वैदिक र पौराणिक पर्व भएकाले यो पर्व मनाउने निश्चित विधि र पद्दति रहेको उनको भनाइ छ । 'गौरा पर्व मनाउने निश्चित विधि र प्रक्रिया छ, त्यहीअनुसार मनाउनुपर्छ,' उनले भने, 'अहिले त गौरा पर्व भनेर देउडा खेल्छन् देउडा र गौरामा फरक हुन् ।' गौरा पर्वसँग जोडिएको ढुस्का, धुमारी, राम लीला र श्रीकृष्ण लीला गायनको पनि छुट्टै विशेषता रहेको उनले बताए । अहिलेको पुस्ताले धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्त्व बोकेको गौरा पर्वको गरिमाको ख्याल गर्नुपर्ने उनको भनाइ छ ।

सुदूरपश्चिममा गौरा पर्वको बिरुडो, दसैंको जमरा र तिहारको चिउरालाई सुदूरपश्चिमवासीको आस्थाको धरोहरका रूपमा लिइन्छ । यी तीन पर्व विशेष महत्त्वका साथ मनाउने गरिन्छ । त्यसमा पनि गौरा पर्व सुदूरपश्चिममेलीको महान पर्व हो । यस क्षेत्रमा गौराको बिरुडा र दसैंको जमरा जसरी पनि प्रसादका रूपमा ग्रहण गर्नैपर्ने मान्यता रहेको छ ।

साउनको पुत्रदा एकादशीपछि सुदूरपश्चिमका गाउँबस्ती गुल्जार हुन थाल्छन् । परदेशी घर फर्किनेक्रम सुरु हुन्छ । गौरा पर्वका लागि पूजाका सामग्री जुटाउनेदेखि परिवारका सदस्यहरूका लागि नयाँ लुगा किन्ने परम्परा अझै छ । गौरादेवीको व्रत बस्ने महिलाले पुत्रदा एकादशीको व्रत अनिवार्य हो ।

प्राचीनकालदेखि नै पर्वतराज हिमालय र मेनकाकी पुत्रीका रूपमा भगवान् शिवकी अर्धांगिनी शक्तिस्वरूपा पार्वती (गौरी) लाई गौरा देवीका रूपमा पूजा अर्चना गरिँदै आएको यहाँको लोकसंस्कृतिका जानकारहरू बताउँछन् । तिनै शिवगौरीको स्थानीय लोकरीतिअनुसार पूजाअर्चना गरिने पर्व नै गौरा पर्व हो ।

गौरा पर्व अगस्ति ताराको उदयका हिसाबले शुक्ल या कृष्ण दुवै पक्षमा पर्ने संस्कृतिका जानकार पण्डित कविराज भट्ट बताउँछन् । उनका अनुसार शुक्ल पक्षमा परेको गौरालाई 'उज्याली' गौरा भनिन्छ भने कृष्ण पक्षमा परेको गौरालाई अन्यारी 'गौरा' भनिन्छ । यी दुवै गौरालाई अति पवित्र मानिए पनि उज्याली गौरालाई विशेष महत्त्वका साथ हेर्ने गर्दछन् ।

गौरा विशेष गरेर यस क्षेत्रका नारीहरूले उपासना गर्ने पर्व हो । विवाहित नारीहरूले आफ्नो कुल परम्पराअनुसार पुरुषहरूजस्तै यज्ञोपवितका रूपमा दुबधागो लाउने प्रचलन रहेको छ । पहिलोचोटी दुबधागो लगाउनका लागि उजेली गौरा परेको पर्व सर्वप्रथम पुत्रदा एकादशीको व्रत बसेपछि मात्र गौराको उपासना गर्न मिल्ने पं भट्टको भनाइ छ । उनका अनुसार पुत्रदा एकादशीको व्रत बसिसकेपछि भाद्र महिनाको बिरुडा पञ्चमीदेखि यो व्रतको सुरुआत हुन्छ ।

एक महिना अगाडिदेखि नै शुद्ध शाकाहार र ब्रह्मचर्यको पालना गरी बिरुडा पञ्चमीको दिन महिलाले मास, कलौं, गहत, गहुँ र गुरुस मिलाएर तामाको भाडामा भिजाउने गरिन्छ । पाँचप्रकारका अन्न मास, कलौं, गहत, गहुँ र गुरुस मिसाएर तामाको भाँडोमा बिरुडा भिजाइन्छ । उक्त बिरुडा भिजाउने बेला महिलाले मांगलिक फाग गाउने गर्दछन् । 'यसरी विधिपूर्वक भिजाएको बिरुडालाई षष्टिका दिन न्वाला वा धारामा गइ धुने गरिन्छ,' भट्टले भने, 'त्यस दिन न्वाला वा धारामा पनि साँवाधानको गौराको मूर्ति बनाई बिरुडाले पूजा गरेपछि धोएका बिरुडालाई घरमा ल्याएर राखिन्छ ।'

सप्तमी तिथिका दिन गौरा आउने दिनका रूपमा विशेष प्रकारले पूजाअर्चना गर्ने गरिन्छ । यो दिनमा महिला दिनभर व्रत बस्दछन् । साँझपख साँवाधान, कुर्जो, अन्य फूलपाती आदिलाई रातो वस्त्र अथवा घुम्टीमा बेरेर गौराको मूर्ति बनाउने गरिन्छ । गौराको मूर्तिलाई निगाला वा तामाबाट बनेको डालोमा राख्ने गरिन्छ । एउटा काठको पिर्कोमा पहेलो कपडा बेरेर गौरासँगै महेश्वरलाई पनि राख्ने गरिन्छ ।

एउटा निश्चित घरमा गौरा ल्याइसकेपछि साँझ ब्राह्मण बोलाई विधिपूर्वक गौराको पूजा गर्ने गरिन्छ । यो दिन महिलाले कुण्ड नुहाउने प्रचलन पनि रहेको जानकी अवस्थी बताउँछन् । 'यो पहिलो चोटी गौरा उपासना गर्ने नारीका लागि अनिवार्य हुन्छ,' उनले भने, 'गाईको गोबरबाट दुई वटा कुण्ड निर्माण गरी त्यसमा गाईको गहुँत र दूध छुट्टाछुट्टै राखेर दुबोको सहायताले शास्त्रोत्त विधिअनुसार कुण्ड नुहाउने गरिन्छ ।'

क्रमशः पृष्ठ ५ मा

# स्याउ पाक्यो, ढुवानी समस्या

**टेकबहादुर बुढा**/बाजुरा

यतिबेला बाजुराका कृषकका बगैंचामा लटरम्म स्याउ पाकेका छन् । पछिल्लो समय व्यावसायिकरूपमा स्याउखेती गर्ने कृषकको संख्या बढेसँगै जिल्लामा स्याउखेती विस्तार भइरहेको छ । आम्दानीको राम्रो स्रोतका रूपमा रहेकाले स्याउखेतीतर्फ कृषक आकर्षित भएका हुन् ।

पछिल्ला वर्षमा कृषकले स्याउका बगैंचा विस्तार गरिरहेका छन् । विगतका वर्षको तुलनामा यस वर्ष उत्पादन बढेको छ तर बजारसम्म पुऱ्याउन ढुवानी र भण्डारणको समस्या समाधान हुन सकेको छैन । कृषकले बर्सेनि यो समस्या भोग्दै आएका छन् ।

"पछिल्ला वर्षमा कृषकले स्याउका बगैंचा विस्तार गरिरहेका छन् । विगतका वर्षको तुलनामा यस वर्ष उत्पादन बढेको छ तर बजारसम्म पुऱ्याउन ढुवानी र भण्डारणको समस्या समाधान हुन सकेको छैन । कृषकले बर्सेनि यो समस्या भोग्दै आएका छन् ।"

जिल्लामा स्याउ उत्पादनको मुख्य क्षेत्र पूर्वी उत्तरी भेगका बूढीनन्दा नगरपालिका, स्वामीकार्तिक खापर, जगन्नाथ र हिमाली गाउँपालिका हुन् । गौमूल, खप्तड छेडेदह गाउँपालिकालगायतका केही अन्य पालिकाका उच्च लेकाली भेगका स्याउ उत्पादन हुने गरेको छ तर त्यहाँ अझै व्यवसायिक खेती हुन नसकेको कृषि ज्ञान केन्द्र बाजुराले जनाएको छ ।

जिल्लाकै सबैभन्दा बढी स्याउखेती भइरहेको बूढीनन्दा नगरपालिका-९ पाण्डुसैनका कृषक स्याउ पाकेर बगैंचा रातास्मे भएसँगै टिप्न व्यस्त छन् । सहारा कृषि फार्मका कृषक शेरबहादुर रावत भन्छन्, 'प्रायः सबै स्याउ पाकिसके, अन्य जातको तुलनामा फुजीचाहिँ अलि ढिला पाक्छ, तर यो क्षेत्रमा सबैले टिप्न सुरु गरिसके ।'

स्याउ पाकेर बजारसम्म ढुवानी गर्न जिल्लाको मुख्य सडकखण्ड मार्तडी-कोल्टी सडक वर्षायाम सुरु भएयता तीन महिनादेखि अवरुद्ध छ । तथापि कतिपय सवारीसाधनको पहुँच भएको ठाउँमा गाडीबाट र कतिपयले पिठ्यूँमै बोकेर सदरमुकामसम्म पुऱ्याउनुपर्ने बाध्यता छ । कृषकका बगैंचामा उत्पादन भएका स्याउमध्ये ४० प्रतिशतमात्र स्याउ बजारमा पुऱ्याउन सकिएको छ । यातायात र नजिक बजारको अभावमा करिब ६० प्रतिशत स्याउ बारीमै खेर जाने गरेको छ ।

यस्तै, स्वामीकार्तिक खापर गाउँपालिका-३ जुकोटका कृषक मिलन शाहीले उत्पादन बढ्दै गए पनि सहज ढुवानीबाट बजारीकरण र भण्डारणको सुविधा नहुँदा स्याउ बगैंचामै खेर गइरहेको बताए । कृषक शाहीले 'लाखौं लगानी गरेर स्याउखेती सुरु गरे, अहिले स्याउ पाके तर ढुवानी गरेर बजारसम्म पुऱ्याउन यातायात छैन, केही बारीबाटै प्रतिकेजी २० रूपैयाँमा बेच्छौं, बिक्री नभएमा गाईभैंसींलाई खुवाउनुपर्ने बाध्यता छ ।'



अहिले सडक बन्द भएका बेला स्याउ सुरक्षित राख्न सकिए सडक खुलेपछि राम्रो मूल्यमा बिक्री गर्न सकिने भएकाले चिस्यानयुक्त भण्डारको आवश्यकता खड्किएको छ । कृषक उज्ज्वल रावतले भने, 'अहिले बाटो सुचारु नभए पनि कोल्ड स्टोर भएमा त्यहीँ राख्न सकिन्थ्यो । त्यो नहुँदा स्याउ बारीमै झरेर कुहिने अवस्था आउँछ ।' बाजुरामा स्याउ उत्पादन बढ्दै गएसँगै उचित मूल्य, भण्डारण, प्याकेजिङ र ढुवानीको व्यवस्था किसानका लागि प्रमुख चुनौती बनिरहेको छ ।

कृषकहरू स्थानीय, प्रदेश र संघीय सरकारले स्याउ उत्पादन क्षेत्रलाई लक्षित गरी सडक, ढुवानी तथा भण्डारणको व्यवस्था गर्नुपर्ने बताउँछन् । विशेषगरी स्याउ उत्पादन हुने गाउँसम्म सडकको पहुँच विस्तार र सञ्चालनमा रहेका सडकलाई बाह्रै महिना चल्ने बनाउनेतर्फ सरकारले विशेष ध्यान दिनुपर्ने उनीहरूको माग छ ।

सुदूरपश्चिम प्रदेशसभा सदस्य तथा पूर्वआर्थिक मामिलामन्त्री नरेश शाहीले बाजुरालगायतका जिल्लामा उत्पादन हुने स्याउले सिंगो सुदूरपश्चिमको माग धान्न सक्ने बताए । उनले भने, 'सुदूरपश्चिमका लागि बाजुराको स्याउले धान्ने खालको देखियो । प्रदेशको कृषि मन्त्रालयको रिपोर्टले पनि स्वामीकार्तिक खापर गाउँपालिका र बूढीनन्दा नगरपालिकाको स्याउले सिंगो सुदूरपश्चिम धान्न सक्छ भनेको छ । त्यसलाई बजार व्यवस्थापन र प्रवर्द्धन गर्न सक्नुपर्छ ।'

प्रमुख जिल्ला अधिकारी डोरेन्द्र निरौलाले पनि बाजुरामा स्याउखेतीको ठूलो सम्भावना रहेको बताए । कृषि ज्ञान केन्द्र बाजुराका अनुसार बूढीनन्दा नगरपालिका, जगन्नाथ, स्वामीकार्तिक खापर र हिमाली गाउँपालिकाका विभिन्न स्थानका करिब ३७५ हेक्टर क्षेत्रफलमा स्याउखेती हुँदै आएको छ । जिल्लामा गत वर्ष एक हजार २२ मेट्रिक टन स्याउखेती उत्पादन भएको थियो ।

चालु आर्थिक वर्षमा स्याउ ढुवानीका लागि अनुदान कार्यक्रम राखिएता पनि पनि स्याउ पाक्दा पनि प्रदेशको बजेट पारित नहुँदा समस्या भएको कृषि ज्ञान केन्द्रका प्रमुख हरिशबहादुर बिष्ट बताए । *रासस*



**अष्टिम्कीचित्र बनाउँदै युवती**

दाङको घोराही उपमहानगरपालिका-१४, झिङौराकी स्थानीय थारु युवती शुक्रबार बैठक कोठाको भित्तामा अष्टिम्की चित्र बनाउँदै । थारु समुदायमा श्रीकृष्ण जन्माष्टमीका दिन व्रत बसेर साँझ भित्तामा बनाइएको अष्टिम्की चित्रको पूजाअर्चना गर्ने परम्परा रहिआएको छ । *तस्बिरः रासस*

# हिमतालको अध्ययन र जोखिम मूल्यांकन गर्नुपर्नेमा जोड

**ताप्लेजुङ–** चीनसँगको सीमावर्ती क्षेत्रमा रहेका हिमतालको अध्ययन तथा जोखिम मूल्यांकन गर्न आवश्यक रहेको औंल्याइएको छ । उत्तरी क्षेत्र मिक्वाखोला, फक्ताङ्लुङ र सिरीजंघा गाउँपालिकामा धेरै हिमतालहरू रहेको र उक्त तालको अध्ययन अनुसन्धान गर्न आवश्यक रहेको बैठकले निष्कर्ष निकालेको हो ।

जिल्ला विपद् व्यवस्थापन समिति ताप्लेजुङको बैठकले उक्त यस्तो निष्कर्ष निकाल्दै आवश्यक व्यवस्थापन गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण व्यवस्थापन प्राधिकरणसँग पहल गर्नेसहितका निर्णय गरेको छ । प्रमुख जिल्ला अधिकारी उमेशकुमार दाहालको अध्यक्षतामा बसेको बैठकले विस्तृत अध्ययन अनुसन्धान गरी आवश्यक व्यवस्थापनका लागि प्राधिकरणसहित कोशी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुरोध गर्ने निर्णय भएको हो ।

मनसुनजन्य गतिविधिले सडकसहितका पूर्वाधारमा क्षति पुग्ने भएकाले रोकथामका लागि मौज्दात रहेको ग्याविन तारजाली सकिएकाले सम्बन्धित निकायसँग माग गर्ने तयारी गरेको छ । मनसुनका कारण हुनसक्ने क्षतिलाई ध्यानमा राख्दै यसको रोकथाम र व्यवस्थापनका लागि सबै स्थानीय तहले जोखिम क्षेत्रको विवरण अद्यावधिक गर्ने र आ-आफ्नो क्षेत्रमा रहेका सामुदायिक भवनलाई सदुपयोग गर्न सक्ने अवस्थामा राख्नेसमेत निर्णय भएको प्रमुख जिल्ला अधिकारी उमेशकुमार दाहालले बताए ।

यसैबीच, फक्ताङ्लुङ गाउँपालिकाको उच्च हिमाली क्षेत्रमा रहेका घाङ्लुङ ताल र नाङ्मा पोखरी कुनै पनि बेला फुट्न सक्ने जोखिम रहेकाले वैज्ञानिक अध्ययन आवश्यक रहेको स्थानीय जनप्रतिनिधिको भनाइ छ । फक्ताङ्लुङ गाउँपालिकामा पर्ने नाङ्मा पोखरी वि.सं. २०३६ मा फुटेको थियो । पोखरी फुटेर आएको बाढीमा परी त्यसबेला जोंगीममा बसोबास गर्ने चार जनाको ज्यान गएको थियो ।

> “ करिब चार हजार २०० मिटरको उचाइमा रहेको नाङ्मा पोखरी याङ्मा क्षेत्रमा पर्छ । उक्त पोखरी फुटेमा त्यसबाट निस्कने पानी याङ्मा खोला हुँदै तमोर नदीमा मिसिने भएकाले याङ्मादेखि तमोर नदी किनारसम्मका बस्ती प्रभावित हुन सक्ने जोखिम रहेको छ ।

करिब चार हजार २०० मिटरको उचाइमा रहेको नाङ्मा पोखरी याङ्मा क्षेत्रमा पर्छ । उक्त पोखरी फुटेमा त्यसबाट निस्कने पानी याङ्मा खोला हुँदै तमोर नदीमा मिसिने भएकाले याङ्मादेखि तमोर नदी किनारसम्मका बस्ती प्रभावित हुन सक्ने जोखिम रहेको उनले बताए । हाल याङ्मामा नौ परिवारको बसोबास रहेको छ ।

यस्तै, चीनसँगको सीमानाका टिपताला नजिकै, नाकाभन्दा करिब २०० मिटर तल तमोर नदीको उद्गम क्षेत्रमा घाङ्लुङ ताल रहेको छ । उक्त ताल फुटेमा फक्ताङ्लुङ गाउँपालिकाको ओलाङचुङगोलालगायत तमोर नदी किनारमा रहेका बस्ती जोखिममा पर्ने अध्यक्ष शेर्पाले बताए । समुद्री सतहबाट करिब तीन हजार १०० मिटरको उचाइमा रहेको ओलाङचुङगोलामा ५१ परिवारको बसोबास छ । उच्च हिमाली क्षेत्रमा रहेका यस्ता तालको अवस्थाबारे नियमित अध्ययन नहुँदा सम्भावित विपद्को जोखिमबारे यकिन गर्न कठिन भइरहेको बताइएको छ ।

घाङ्लुङ, नाङ्मासहित उत्तरी हिमाली क्षेत्रमा रहेका ताल, पोखरीको अध्ययन अनुसन्धान गर्न आफूले पहिल्यैदेखि आवाज उठाउँदै आएको तर सम्बन्धित निकायले अध्ययन तथा अनुसन्धानमा चासो नदिएको उनको गुनासो छ । ‘वडाको बजेटलेमात्रै यस्ता ठूला हिमतालको अध्ययन गर्न सम्भव छैन,’ शेर्पाले भने, ‘सम्भावित जोखिम पहिचान गरी समयमै सावधानी अपनाउन संघ, प्रदेश तथा सम्बन्धित अन्य निकायले सहयोग गर्नुपर्छ ।’

स्थानीय तहलेमात्र अध्ययन गर्न नसक्ने भएकाले विज्ञसहितको टोली परिचालन गरी तालको गहिराइ, पानीको मात्रा, सम्भावित बाढीको मार्ग तथा जोखिममा पर्न सक्ने बस्तीको अध्ययन गर्नुपर्ने आवश्यकता रहेको उनले बताएका छन् । उत्तरी ताप्लेजुङमा यस्ता हिमतालको संख्या धेरै रहेको बताइन्छ । सम्भावित हिमताल विस्फोटबाट हुने बाढीले जनधनसँगै सडक, पुल, विद्युत् तथा अन्य पूर्वाधारमासमेत क्षति पुर्‍याउनसक्ने भएकाले जोखिमयुक्त तालको पहिचान र नियमित अनुगमनलाई प्राथमिकतामा राख्नुपर्ने देखिएको स्थानीयले बताए । *रासस*

पृष्ठ ४ बाट क्रमशः

## हराउँदै गौरा...

त्यस दिन धागोमा विशेष किसिमका सात गाँठा पारेर बनाइएको सप्तमीलाई अभिषेक गरी महिलाले घाँटीमा लगाउने गर्दछन् । अष्ठमीका दिन गौराको मुख्य दिन हो । यस दिन व्रतालु महिलाले गोरा महेश्वर स्थापना गरिसकेपछि अठ्यावाली गायनसँगै बिरुडाले गौराको पूजा अर्चना गर्दछन् । ‘अठ्यावालीमा गौराको जन्मदेखि विवाह पछिसम्मका कथाहरू आउँछन् । यसमा गौरीको जीवनका विभिन्न घटनाको वर्णन गरिन्छ,’ अवस्थीले भने, ‘अठ्यावाली सकिएपछि महिलाले धर्मकथा वाचन तथा श्रवण गर्छन् ।’
दिनभरि अठ्यावाली गाउँदै पूजा गरेका बिरुडा फूलप्रसाद र फलहरू एउटा च्यादरमा हाली दुई पुरुषको सहायताले पाँचपटक आकाशमा फाल्ने गरिन्छ । यसरी आकाशमा फाल्दा पहिलोपटक पूर्व दोस्रो पश्चिम, तेस्रो उत्तर, चौथो दक्षिण र अन्त्यमा सीधा आकाशतिर फालिन्छ । आकाशतिर फालेका बिरुडा प्रसादलाई आकाशबाटै ग्रहण गर्ने र अन्य बिरुडामा मिसाएर टाउको पुज्ने प्रचलन रहिआएको छ ।
त्यसपछि दुबधागो लगाउँछन् दुबधागो भनेको महिलाको यज्ञोपवित हो । दुबधागोमा दुई पाला हुने गर्दछन् । यसमा रहेका रातो, पहेलो र कालो रङलाई क्रमशः महालक्ष्मी, महासरस्वती र महाकालीको प्रतीकका रूपमा मान्ने गरिन्छ । यस क्षेत्रका नारीहरू यस दिन सर्वप्रथम आफ्नो श्रीमान् र त्यसपछि घरपरिवार तथा अन्य गाउँका नातासम्बन्धका व्यक्तिहरूको टाउको पुज्ने गरिन्छ । यस अवसरमा नारीहरूले आफूभन्दा नातामा ठूला रहेका पुरुषलाई समेत आशीर्वाद दिने गर्छन् ।
बिरुडालाई प्रसादका रूपमा ग्रहण गरी मिष्ठान्न भोजनका रूपमा स्थानीय परम्परागत परिकारका पकाएर खाने गरिन्छ । त्यसपछिका दुई-तीन दिन लगातार रूपमा स्थानीय देवीदेवताका मन्दिरहरूमा पुरुषहरूले ढोलक र मिजुराका साथ ढुस्को, धमारी, चैत तथा डेउडा खेल खेल्ने प्रचलन छ ।
विशेषगरी रामायण तथा महाभारतकालीन कथावस्तुमा आधारित ढुष्को धमारी चैत तथा स्थानीय देवीदेवता तथा इतिहास प्रसिद्ध गाथाहरू समूहमा खेलिने गरिन्छ । नृत्यगेयात्मक रूपमा खेलिने यो खेलमा मौलिक कलाको प्रस्तुति हुने गर्दछ । यस अवसरमा विभिन्न देवीदेवताका मन्दिरमा जात्रा लाग्ने चलन पनि रहेको छ ।
गौरा पर्वमा सुरुआतदेखि अन्त्यसम्म नारीको भूमिका हुने साहित्यकार जगदीश ओझा बताउँछन् । यसमा पुरुष सहयोगीका रूपमामात्रै हुन्छन् । ‘गौरा पर्वमा धार्मिक र सांस्कृतिक काम सुरुदेखि अन्त्यसम्म महिलाले नै गर्दछन्,’ ओझाले भने, ‘गौरा पर्व नारी सम्मानको पर्व हो यसमा महिलाले आफूभन्दा ठूलो मान्छेलाई पनि प्रसाद दिएर आशीर्वाद दिने परम्परा छ ।’ घरपरिवारको जिम्मेवारीमा व्यस्त रहने महिलाका लागि गौरा सुखदुःख साट्ने आफन्त र साथीभाइसँग भेटघाट गर्ने अवसरका रूपमा पनि लिने गरिन्छ ।
गौराको पूजा अर्चनाले विशेषगरी श्रीमान् तथा घरपरिवारका सदस्यहरू निरोगी, दीर्घायु हुने, परिवारमा सुख समृद्धि हुने जनविश्वास रहेको पाइन्छ । विवाहित तथा दुबधागो लगाइसकेकी नारीहरूलाई प्रत्येक वर्ष गौराको उपासना अनिवार्य मानिन्छ । नारीहरूलाई विशेष सम्मानका साथ मनाइने यो पर्वको धार्मिक, सामाजिक, सांस्कृतिक, साहित्यिक, पौराणिक, ऐतिहासिक महत्त्वलाई भविष्यमा पनि जोगाइराख्नुपर्ने देखिन्छ । *रासस*

# आठ रात नौ दिनमा सकियो भक्तपुरको गाईजात्रा



**ख्वप (भक्तपुर)–** साउन १२ गते गुन्हीपुन्ही (जनैपूर्णिमा)को दिनदेखि सुरु भएको भक्तपुरको गाईजात्रा शुक्रबार सम्पन्न भएको छ । आठ रात नौ दिन चल्ने यो जात्रा कृष्ण जन्माष्टमीको दिन कृष्णलाई नगर परिक्रमा गराएर सम्पन्न भएको हो । जनैपूर्णिमाको भोलिपल्ट गाईजात्राका दिन दिवंगत व्यक्तिको सम्झनामा गाईजात्रा निकाल्ने भए पनि अन्य दिनमा भने घिन्ताङघिसी नाच र व्यंग्य प्रस्तुत गर्दै भक्तपुरमा सात दिनसम्म गाईजात्रा मनाउने गरिन्छ ।

गाईजात्रादेखि शुक्रबारसम्म प्रत्येक दिन अपराह्न भक्तपुरमा घिन्ताङघिसी नाचसँगै हनुमान नाच, माक प्याख नाच, जंगली नाच, व्यंग्यात्मक कार्टुन, प्ले कार्ड प्रदर्शन गर्दै नगर परिक्रममा गराइएको थियो । आज भक्तपुरमा परम्परागत पहिरन हाकुपटासी लगाएर लामबद्ध सयौं महिला र पुरुषले दौरा सुरुवाल लगाएर बाजागाजासहित नारायणलाई बत्ती बालेर नरपरिक्रमा गरिएको थियो ।

श्रीकृष्ण जन्माष्टमी रहेकाले नारायणको पूजा गरी बत्ती बालेर भक्तपुरका बालबालिका एवं युवाहरूले टाउको, हात र शरीरमा पालाको बत्ती बालेर सूर्यमढीदेखि दत्तात्रय, सुकुलढोका, टौमढी, वंशगोपाल, इनाचो दरबार क्षेत्र हुँदै पुनः सूर्यमढी परिक्रमा गरेको थियो । भक्तपुर नगरपालिका-९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले टोलटोलमा भइरहेको सांस्कृतिक प्रतियोगिताको प्रदर्शनी शुक्रबारदेखि समापन भएको बताए । उनले प्रतियोगितामा भक्तपुरको टोलटोलबाट सयौं सांस्कृतिक ऐतिहासिक नाचहरू प्रस्तुत भएको बताए ।

एकजना जात्राप्रेमी सविना बोहजुले शुक्रबार अन्तिम दिन भक्तपुरमा घिताङघिसी ल्याउने भएकाले जात्राप्रेमीहरूका बाटोभरि लर्को लागेको बताइन् । शुक्रबार भक्तपुर नगर पूरै बाजागाजामय, परम्परागत पोसाकमय र घिताङघिसीमय भएको उनले सुनाइन् । जात्रामा पाँच-१० वर्षका बालबालिकादेखि ७०-८० वर्षका वृद्धवृद्धासम्म सहभागी रहेका थिए । *रासस*

# डेढ दशकपछि बन्दै काभ्रे प्रशासनको भवन



■ **सनम सुवाल**

**बनेपा (काभ्रे)–** जिल्ला सदरमुकाम धुलिखेल नगरपालिका-७ स्थित सरस्वती बजार नजिक निर्माण थालिएको जिल्ला प्रशासन कार्यालयको आफ्नै भवनको योजना अघि बढेको करिब १५ वर्ष पुग्न लाग्दा बल्ल कार्यान्वयनको चरणमा प्रवेश गरेको छ । ठेक्का विवाद र अदालतको फैसला हुँदै नयाँ निर्माण सम्झौतासम्म पुगेपछि भवन निर्माणको काम अघि बढेको हो ।

भवन निर्माणको प्रक्रिया सुरु भएता पनि जिल्लामा १९ जना प्रमुख जिल्ला अधिकारी फेरिइसकेका छन् । अहिले नेतृत्वमा रहेका प्रजिअ प्रारम्भदेखिका २०औं नम्बरका हुन् । प्रशासनिक नेतृत्व परिवर्तन भइरह्यो तर प्रशासन कार्यालयको आफ्नै भवन निर्माण भने लामो समयसम्म अधुरो रह्यो ।

धुलिखेलमा जिल्ला प्रशासन कार्यालयको सुविधा सम्पन्न भवन निर्माण गर्ने योजना २०६८ सालमा अघि बढेको थियो । तत्कालीन जिल्ला विकास समितिको स्वामित्वमा रहेको जग्गामा भवन बनाउने तयारी भएपछि जग्गा प्रयोगको विषय विवादमा परेको थियो । चारतले भवन निर्माण गर्ने योजनाअनुसार त्यसबेला करिब छ करोड ७२ लाख रूपैयाँ लागत अनुमान गरिएको थियो । भवनमा सेवाग्राहीका लागि पार्किङ, अपांगतामैत्री संरचना तथा अन्य आवश्यक सुविधा समेट्ने योजना थियो ।

२०६९ वैशाख १२ गते चार करोड ३२ लाख पाँच हजार रूपैयाँमा जिएम कन्स्ट्रक्सनसँग भवन निर्माणको सम्झौता भयो । तोकिएको समयमा निर्माण सम्पन्न नभएपछि पटक-पटक म्याद थप भए पनि निर्माण कार्य बीचमै रोकियो । निर्माणाधीन भवन अलपत्र पर्दा जिल्ला प्रशासन कार्यालय भने अन्य सरकारी तथा भाडाका संरचनाबाट सेवा प्रवाह गर्न बाध्य भयो ।

आफ्नै भवन नहुँदा कार्यालयले लामो समयसम्म भौतिक संरचनाको अभावमा भाडाको घरमा बस्दै आएकामा २०७८ सालमा जिल्ला समन्वय समितिको भवनमा सर्‍यो । निर्माण कम्पनी र सरकारी निकायबीचको विवाद अदालतसम्म पुग्यो । ठेक्का सम्झौता अन्त्य गर्ने प्रशासनको निर्णयविरुद्ध निर्माण कम्पनीले कानुनी उपचार खोजेपछि अधुरो भवनको बाँकी कामसमेत तत्काल अघि बढ्न सकेन । जिएम कन्स्ट्रक्सनसँग भएको सम्झौताअनुसार भवनको ३८ प्रतिशत काममात्र सम्पन्न भएको थियो ।

सर्वोच्च अदालतले २०८० मंसिरमा जिल्ला प्रशासन कार्यालयको पक्षमा फैसला गरेपछि पुरानो विवाद टुंगिने आधार तयार भयो । उच्च अदालतको अघिल्लो निर्णय उल्टाउँदै सर्वोच्चले प्रशासनको निर्णयलाई सदर गरेपछि अधुरो भवन निर्माणका लागि नयाँ प्रक्रिया अघि बढाउने बाटो खुलेको थियो ।

सर्वोच्चको फैसलापछि संघीय सहरी विकास तथा भवन निर्माण कार्यालयले जिल्ला प्रशासन कार्यालय, धुलिखेलको प्रशासनिक भवन निर्माणका लागि नयाँ बोलपत्र प्रक्रिया अघि बढाएको थियो । नयाँ प्रक्रियाबाट डि/एस/एस/आर बिल्डर्स जेभी, भक्तपुरसँग गत साउनमा आगामी असार २० गतेभित्र सम्पन्न गर्नेगरी मूल्य अभिवृद्धि कर (भ्याट) सहित चार करोड १५ लाख २७ हजार रूपैयाँमा निर्माण गर्नेगरी सम्झौता भएको छ ।

समयमै भवन निर्माण हुन नसक्दा नागरिकले सेवा प्रवाहमा समस्या भएको प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारी बताउँछन् । प्रजिअ अधिकारीले भने, ‘पुरानो ठेक्का विवाद कानुनीरूपमा टुंगिएको छ, नयाँ निर्माण प्रक्रिया अघि बढेको छ, निर्माण कम्पनीसँग सम्झौता भइसकेको छ र कार्यादेशसमेत जारी भइसकेको छ । तोकिएको समय र लागतभित्र गुणस्तरीयरूपमा निर्माण सम्पन्न हुनेमा हामी ढुक्क छौं ।’ *रासस*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३०७४०० | प्रति तोला – ० | प्रति तोला – ४७६५ |



**सामान लिन नाकातिर...** | रसुवाको भोटेकोशीमा आएको विनासकारी बाढीले रसुवागढी नाका पूर्ण रूपमा बन्द भएपछि त्यहाँबाट 'डाईभर्ट' गरिएका मालवस्तु ढुवानी गर्न कोरलानाकातर्फ जाँदै गर्दा जोमसोम चेकपोस्टमा रोकिएका कन्टेनरको लस्कर । सशस्त्र प्रहरीका अनुसार बिहीबार बिहानसम्म २६२ कन्टेनर कोरलानाकातर्फ लागेकामा शुक्रबार सय बढी कन्टेनर कोरलानाकातर्फ उक्लिएका छन् ।

*तस्बिर : सुन्दरकुमार थकाली/रासस*

# ब्यारेज बनेको ३१ वर्षसम्म पनि अझै पाएनन् किसानले सिँचाइ सुविधा

**सर्लाही–** सर्लाहीको बलरामा व्यवस्थित नहरको अभावमा ठूलो धनराशि खर्च गरेर निर्माण गरिएको ब्यारेज तीन दशकसम्म पनि सञ्चालनमा आउन सकेको छैन ।

बलरा नगरपालिका-१० र रामनगर गाउँपालिका-१ को सिमाना सुदामामा निर्माण भएको सिँचाइ ब्यारेज ३१ वर्षदेखि अलपत्र अवस्थामा छ । बाह्रै महिना पानी बग्ने एकादशी खोलामा २०५२ सालमा ब्यारेज निर्माण गरिएको थियो । सुदामा, छोटउल, अचलगड, बलरा अर्नाह, मिर्जापुर, छतौना, खेअर्वा, रामनगर बहुअर्वालगायत साविक दर्जन बढी गाविसका खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुर्याउने उद्देश्यसहित निर्माण भएको ब्यारेज प्रयोग नै नभई अलपत्र बनेको हो ।

ब्यारेज रु छ करोड लागतमा निर्माण भएको थियो । कृषिको उर्वर भूमिका रूपमा रहेको यस क्षेत्रमा सिँचाइको भरपर्दो सुविधा नहुँदा किसान वर्षाको पानीको भरमा खेती गर्न बाध्य छन् । यस क्षेत्रका सयौँ बिघा खेतीयोग्य भूभाग वर्षात्मा जलमग्न र हिउँदमा खण्डहर बन्ने गरेको बलरा नगरपालिका-५ मिर्जापुरका किसान शङ्कर साहले गुनासो गरे । 'ब्यारेजसँग जोडिएको एउटा नहर छ', उनले भने, 'त्यो पनि अव्यवस्थित छ ।'

नहरबाट आएको पानी वर्षायाममा अनियन्त्रित भइ ब्यारेज नजिकका केही किसानको खेतसम्म पुग्छ । बाँकी क्षेत्रका किसानले पम्पसेट र विद्युत् मोटरको भरमा जेनतेन खेती गरिरहेका उनको गुनासो छ ।

यसरी गरिएको खेती मौसम प्रतिकूल हुँदा खेर जाने गरेको उनको अनुभव छ । ब्यारेज निर्माण भएको ठाउँ जिल्लाको दक्षिणपश्चिम क्षेत्रमा पर्छ । उत्तरी क्षेत्र रामनगर गाउँपालिकाका भूभागमा सिँचाइ गर्न नसकिएको स्थानीय जनप्रतिनिधिको भनाइ छ । 'यहाँको भूभाग कोल्टे पर्छ', रामनगर गाउँपालिकाका अध्यक्ष राजाबाबु यादवले भने, 'सुरुमा हालको रामनगर र बलराको लागि भनेर ब्यारेज निर्माण भएको देखिन्छ । गलत ठाउँ परेकाले रामनगरका किसानको लागि त्यो उपयुक्त भएन । ब्यारेजबाट पानी उत्तरतर्फ आउँदैन । त्यसैले सोही खोलाको माथिल्लो स्थानमा बाँध निर्माण गरेर सिँचाइ सुविधा पुर्‍याइरहेका छौँ ।'

नहर निर्माण गरी व्यवस्थित गर्नसके हालको बलरा नगरपालिकाका सम्पूर्ण खेतीयोग्य भूभागमा सिँचाइ सुविधा पुग्ने नगरप्रमुख रामाशंकरप्रसाद कुशवाहाले बताए । ब्यारेज नै अलपत्र पर्दा समस्या भएको उनको भनाइ छ । ब्यारेजको संरक्षण स्वामित्व कसैले नलिएकाले जीर्ण बनेको उनले स्वीकार गरे । आफू नगरप्रमुख भएर आएपछि बजेट विनियोजन गरी ब्यारेजको सामान्य मर्मतसम्भार गरेको उनको भनाइ छ ।

नगरपालिकाले गत आर्थिक वर्षको बजेटमा ब्यारेज मर्मत तथा सौन्दर्यकरणका लागि बजेट विनियोजन गरेको थियो । ब्यारेज र पार्कलाई पर्यटकीयस्थलका रूपमा विकास गर्ने नीति लिएको उनले बताए । संघ र प्रदेश सरकारसँग व्यवस्थापनसँगै नहर निर्माण योजना पेस गरेको नगरप्रमुख कुशवाहाले बताए । ब्यारेजका लागि गत आर्थिक वर्षमा प्रदेश र संघीय सरकारले रु पाँच करोड बजेट उपलब्ध गराएको थियो । समयमा काम हुन नसक्दा फिर्ता गएको उनको भनाइ छ ।

यस वर्षको रु दुई करोड बजेटबाट नहरको काम गर्ने तयारी गरिएको नगरप्रमुख कुशवाहले जानकारी दिए । ब्यारेज व्यवस्थापनका लागि आफलू प्रदेश र संघीय सरकारलाई पटकपटक आग्रह गरेको उनले दाबी गरे । तर, हालसम्म कुनै पनि प्रक्रिया अगाडि बढ्न नसकेको उनी बताउँछन् । ठूलो भूभागमा सिँचाइ हुने भए पनि ब्यारेज प्रयोगमा ल्याउन नसक्नु दुःखद् भएको उनको भनाइ छ ।

किसानको सुविधाका लागि आएको बजेट नगरपालिकाले काम नै नगरी फिर्ता गरेको स्थानीय किसानको आरोप छ । खेत नजिकै बाह्रै महिना खोला बग्ने तर आफूहरूले महँगोमा डिजल मोटर प्रयोग गर्नुपर्ने बाध्यता रहनु दुःखत भएको स्थानीय किसान गगनदेव सिंहले गुनासो गरे । पालिकाले सिँचाइ ब्यारेज व्यवस्थित गरी किसानको खेतसम्म पानी पुर्याउनुको साटो पार्क निर्माणमा खर्च गरेको उनको आरोप छ ।

ब्यारेज मर्मत गरी पक्की नहरको व्यवस्थासहित सिँचाइ सुविधा उपलब्ध गराउनुपर्ने स्थानीय किसानको माग छ । किसानले सुविधा पनि नपाउने, राज्यको ठूलो लगानी खेर जाने अवस्थाको अन्त्य हुनुपर्ने उनीहरूको भनाइ छ । *रासस*

# पर्यटन क्षेत्रका लागि सरकार र निजी क्षेत्रबीच सहकार्य

■ प्रभाव संवाददाता

**काठमाडौं–** रसुवाको भोटेकोशी क्षेत्रमा आएको बाढीबाट क्षति पुगेको पर्यटन क्षेत्रलाई पुनरुत्थान गर्नका लागि सरकार र निजी क्षेत्रबीच सहकार्य र समन्वय गर्दै अघि बढ्ने विषयमा छलफल भएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले बाढीपछि पर्यटन क्षेत्रलाई पुनरुत्थान गर्नका लागि पर्यटन बोर्डका सदस्य सहदेव धमलाको संयोजकत्वमा गठन गरेको द्रुत प्रतिक्रिया टोली (क्यूआरटी)को आयोजनामा शुक्रबार नेपाल पर्यटन बोर्डमा निजी क्षेत्रका करिब २५ भन्दा बढी संघसंस्थाको संयुक्त बैठकले नेपालको पर्यटन पुनरुत्थानका लागि हातेमालो गरेर अगाडि बढ्ने निर्णय गरेको हो ।

बैठकमा क्यूआरटीका संयोजक धमलाले संकटको घडीमा सरकार र निजी क्षेत्रले शोकलाई शक्तिमा बदलेर अगाडि बढ्ने विश्वास व्यक्त गरे । उनले विगत एक हप्तादेखि मन्त्रालय र निजी क्षेत्रबीचको समन्वय प्रभावकारी बनेको र मन्त्रीस्तरबाटै विभिन्न समस्याहरूको तत्काल समाधान खोज्ने काम भइरहेको बताए ।

नेपाललाई अन्तरराष्ट्रियस्तरमा जोखिमपूर्ण क्षेत्रबाट हटाउन विश्व पर्यटन संगठनमा थप पहल गरिने बताए । यस पुनरुत्थान अभियानको मुख्य आकर्षणका रूपमा 'लाङटाङ' क्षेत्रलाई छिट्टै सञ्चालनमा ल्याउने तयारी गरिएको उनले उल्लेख गरे । भूकम्पपछि बन्द रहेको लाङटाङ पदमार्ग र पर्यटकीय क्षेत्र खुला गर्दा विश्वभर नेपाल सुरक्षित छ र नेपालीहरू संकटसँग जुध्न सक्षम छन् भन्ने सकारात्मक सन्देश जाने विश्वास उनले व्यक्त गरे ।

> नेपालको पर्यटन अवस्थाबारे अन्तरराष्ट्रिय समुदायलाई यथार्थ सूचना उपलब्ध गराउन संयुक्त राष्ट्रसंघीय विश्व पर्यटन संगठन, पाटालगायत अन्तरराष्ट्रिय पर्यटन संस्थासँग समन्वय गर्ने तथा नेपालमा रहेका अन्तरराष्ट्रिय सञ्चारमाध्यमका प्रतिनिधिसँग संवाद गर्न पहल गर्ने निर्णयसमेत बैठकले गरेको छ ।

बैठकले नेपाल सरकारले प्रयोग गरिरहेको क्षति विवरण संकलन फारमलाई आवश्यकताअनुसार परिमार्जन गरी प्रभावित जिल्लाका होटल तथा रेस्टुरेन्टलगायत पर्यटन सेवा प्रदायकको क्षतिको विवरण सङ्कलन गर्ने निर्णय गरेको छ । त्यस्तै, प्रभावित क्षेत्रमा पर्यटन पुनरुत्थानका लागि 'टुरिजम् रिकभरी साइकल' तयार गर्न पर्यटन मन्त्रालय, पर्यटन विभाग र नेपाल पर्यटन बोर्डबीच आवश्यक समन्वय गर्ने निर्णय गरेको छ ।

बैठकले लाङटाङ क्षेत्रमा चालु याममा पदयात्रा सञ्चालन गर्न आवश्यक स्थानमा बेलीब्रिज निर्माणका लागि सरकारसँग अनुरोध गर्ने निर्णय गरेको छ । बैठकले बाढी प्रभावित क्षेत्रबाहेक नेपालका अन्य पर्यटकीय गन्तव्य तथा पर्यटन सेवाहरू सुरक्षित रूपमा सञ्चालनमा रहेको सन्देश प्रभावकारी ढंगले प्रवाह गर्नुपर्नेमा पनि जोड दिएको नेपाल पर्यटन बोर्डका निमित्त प्रमुख कार्यकारी अधिकृत हिक्मतसिंह ऐरले जानकारी दिए ।

नेपालको पर्यटन अवस्थाबारे अन्तरराष्ट्रिय समुदायलाई यथार्थ सूचना उपलब्ध गराउन संयुक्त राष्ट्रसंघीय विश्व पर्यटन संगठन, पाटालगायत अन्तरराष्ट्रिय पर्यटन संस्थासँग समन्वय गर्ने तथा नेपालमा रहेका अन्तरराष्ट्रिय सञ्चारमाध्यमका प्रतिनिधिसँग संवाद गर्न पहल गर्ने निर्णयसमेत बैठकले गरेको छ ।

बैठकमा होटल संघ नेपालका अध्यक्ष विनायक शाह, ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान)का अध्यक्ष सागर पाण्डे, नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाटा)का अध्यक्ष भरतजंग पाण्डे, नेपाल पर्वतारोहण संघ, होटल व्यवसायी महासंघको सहभागिता थियो ।

यस्तै, रेस्टुरेन्ट एन्ड बार एसोसिएसन, हिमालय उद्धार संघ, नेपाल एसोसिएसन अफ ऱ्याफ्टिङ एजेन्ट्स, एक्सपिडिसन एसोसियसन अफ नेपाल, नेपाल पर्यटन यातायात व्यवसायी संघ, नेपाल पर्यटक बस व्यवसायी संघ, कैलाश अपरेटर संघ, टुरिस्ट गाइड एसोसिएसन अफ नेपाल, नेपाल एसोसिएसन अफ टुर अपरेटर तथा सोसाइटी अफ ट्राभल एन्ड टुर अपरेटरका प्रतिनिधिहरूको सहभागिता थियो ।

# एनसेलका कार्यकारी अधिकृत फोलेले दिए राजीनामा

## नेपालमा विदेशी लगानीका लागि सहज वातावरण नरहेको भनाइ



**काठमाडौं (प्रस)–** नेपालमा विदेशी लगानीका लागि सहज वातावरण नरहेको भन्दै एनसेलका प्रमुख कार्यकारी अधिकृत (सीईओ) माइकल फोलेले राजीनामा दिएका छन् ।

नियुक्ति भएको एक वर्ष पनि नपुग्दै फोलेले राजीनामा दिएका हुन् । स्रोतका अनुसार एनसेलको लगानी, २५ वर्षे अनुमतिपत्रको विवाद, कम्पनीमाथि भइरहेका कानुनी तथा नियामकीय हस्तक्षेप र पारिवारिक दबाबलगायत कारणले उनले कम्पनी छाडेका हुन् ।

भदौ ९ गते दिएको उनको राजीनामा स्वीकृत भइसकेको छ । नयाँ सीईओ नियुक्त नभएसम्म कम्पनीका प्रमुख कर्पोरेट तथा नियामकीय मामिला अधिकृत डिल्लीराम श्रेष्ठले अन्तरिम व्यवस्थाअन्तर्गत 'लिमिट्स अफ अथोरिटी' लिएर सीईओको जिम्मेवारी सम्हाल्ने भएका छन् ।

एनसेलका बोर्ड पदाधिकारी तथा विदेशी लगानीकर्तासमेत मुद्दामामिलामा पर्ने अवस्था बनेपछि फोलेको मनोबलमा समेत असर परेको स्रोतको दाबी छ । फोलेले आफ्नो कार्यकालमा उच्चगतिको फाइभजी सेवा विस्तार, घर-घरमा फाइबरमार्फत इन्टरनेट सेवा, डेटा सेन्टरलगायत क्षेत्रमा ठूलो लगानी गर्ने योजना अघि सारेका थिए । सरकारले सहजीकरण गरे कम्पनीले नेपालमा करिब २५ करोड अमेरिकी डलर लगानी गर्ने प्रतिबद्धतासमेत उनलेसार्वजनिकरूपमा व्यक्त गरेका थिए ।

फोले करिब १० महिनाअघि एनसेलको सीईओ नियुक्त भएका थिए । उनले नेपालमा रहेको २५ वर्षे अनुमतिपत्रको प्रावधान विदेशी लगानीका दृष्टिले लगानीमैत्री नरहेको तथा सरकारी निर्णयहरू कानुनसम्मत नभएको बताउँदै आएका थिए । उनकै कार्यकालमा एनसेलले अघिल्लो सरकार र हालको सरकारसमक्ष कम्पनीको सम्पत्ति सरकारको स्वामित्वमा लैजाने विषयमा पुनरावलोकन गर्न आग्रह गरेको थियो ।


यसैबीच, नेपाल दूरसञ्चार प्राधिकरणले हालै एनसेललाई पूर्वस्वीकृतिबिना आफ्ना सम्पत्ति बिक्री, हस्तान्तरण वा धितो राख्न नपाउने भन्दै पत्र पठाएको छ । एनसेलको अनुमतिपत्रको अवधि करिब तीनवर्ष मात्र बाँकी रहेको अवस्थामा प्राधिकरणको उक्त निर्देशनले कम्पनीको आगामी लगानी तथा सञ्चालन योजनामा असर पार्न सक्ने चिन्ता देखिएको छ ।

निर्देशनअनुसार एनसेलले प्राधिकरणको पूर्वस्वीकृतिबिना आफ्ना जग्गा, भवन, उपकरण, बीटीएस टावर तथा अन्य भौतिक वा प्राविधिक संरचना बिक्री, हस्तान्तरण वा बैंकमा धितो राख्न पाउने छैन । यसबाट कम्पनीको थप लगानी क्षमता प्रभावित भए सेवाको गुणस्तर र ग्राहकसमेत प्रभावित हुन सक्ने कम्पनी पक्षको बुझाइ छ ।

अनुमतिपत्रको अवधि समाप्त भएपछि पनि नेपालमा सेवा निरन्तर सञ्चालन गर्ने उद्देश्यले विदेशी लगानीको शेयर संरचनामा आवश्यक परिवर्तन गर्न तयार रहेको एनसेलले बताउँदै आएको छ । कम्पनीले इच्छुक नेपाली नागरिक तथा संस्थालाई समेत शेयरमा सहभागी गराउन सकिने प्रस्ताव अघि सारेको जनाइएको छ ।

तर, कम्पनी पक्षले पछिल्ला सरकारी निर्णय तथा नियमहरूले एनसेललाई क्रमशः राष्ट्रियकरणतर्फ लैजान खोजिएको आरोप लगाउँदै आएको छ । यस्ता व्यवस्था दूरसञ्चार ऐनको मर्म, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, नेपालको संविधान तथा नेपालले गरेका अन्तर्राष्ट्रिय सन्धि-सम्झौतासमेत अनुकूल नभएको कम्पनी पक्षको दाबी छ ।

# मुक्तिनाथ विकास बैंक र ढुवानी व्यवसायी महासंघ नेपालबीच सम्झौता



**काठमाडौं (प्रस)–** मुक्तिनाथ विकास बैंक र नेपाल अधिराज्य भरी सामान ढुवानी सेवा प्रदान गरिरहेको व्यवसायीहरूको छाता सङ्गठन ढुवानी व्यवसायी महासंघ नेपाल बिच महासंघमा आवद्ध सदस्यहरूको व्यवसाय सञ्चालनको लागि आवश्यक पर्ने कुनै पनि ब्राण्डको गाडी खरिद गर्न र व्यवसाय सञ्चालनका लागि आवश्यक पर्ने व्यावसायिक कर्जा लगानी गर्ने समझदारी पत्रमा हस्ताक्षर भएको छ । समझदारी पत्रमा बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत तारा मानन्धर र महासंघको तर्फबाट अध्यक्ष माधव प्रसाद नेपालले हस्ताक्षर गरेका छन् ।

सम्झौता अनुसार महासंघमा आवद्ध सदस्यहरूले ढुवानीको लागि आवश्यक पर्ने गाडी खरिद गर्न र सो सम्बन्धी व्यवसाय सञ्चालनको लागि मुक्तिनाथ विकास बैंकले आफ्नो १७६ वटै शाखा कार्यालयबाट आकर्षक सहुलियत ब्याजदरमा कर्जा सुविधा उपलब्ध गराउने छ । यस सहकार्यबाट ढुवानी व्यवसायीहरूले आफ्नो सेवा विस्तारको लागि सहजरूपमा वित्तीय सेवा प्राप्त गर्न सक्ने तथा व्यवसाय विस्तारमा थप सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

साथै बैंकले हाल अटो कर्जा, कृषि र कर्जामा समेत न्यूनतम ब्याजदरमा कर्जा प्रवाह गर्ने विशेष अफर ल्याएको छ ।

# बाढीप्रभावित क्षेत्रमा एनसेलको निःशुल्क सेवा अवधि पुनः सात दिन थप




**काठमाडौं (प्रस)–** एनसेलले रसुवाको भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित क्षेत्रमा प्रदान गर्दै आएको निःशुल्क सेवाको अवधि पुनः ७ दिन थप गर्ने घोषणा गरेको छ । सहज सञ्चार, खोज, उद्धार तथा राहत वितरण कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले एनसेलले यो निःशुल्क सेवा भदौ २० गतेदेखि थप ७ दिन अर्थात् भदौ २६ गतेसम्म उपलब्ध गराउने भएको हो ।

यससँगै प्रभावित क्षेत्रमा थप एक हप्तासम्म एनसेलका भ्वाइस, डेटा र एसएमएस सेवा निःशुल्क उपलब्ध हुनेछन् । यसअघि एनसेलले बाढी आएको दिन भदौ १० गते प्रभावित क्षेत्रमा तीन दिनसम्म निःशुल्क भ्वाइस, डेटा र एसएमएस सेवा उपलब्ध गराउने घोषणा गरेको थियो। त्यसपछि निःशुल्क सेवाको अवधि ७ दिन थप गरी भदौ १९ गतेसम्म पुऱ्याइएको थियो ।

'यस कठिन घडीमा सहज सञ्चार सुनिश्चित गर्न हामीले प्रभावित क्षेत्रमा निःशुल्क सेवाको अवधि पुनः ७ दिन थप गर्ने निर्णय गरेका हौं । अवरुद्ध भएका टावरमध्ये ९२ प्रतिशत पुनः सञ्चालनमा आइसकेकाले विपद्को समयमा हाम्रो यो निःशुल्क सेवाले प्रभावित समुदायलाई परिवार तथा आफन्तसँग सम्पर्कमा रहन र उद्धार तथा राहत कार्यमा खटिएका टोलीलाई आवश्यक समन्वय गर्न ठूलो मद्दत पुग्ने विश्वास लिएका छौं,' एनसेलका चीफ कन्जुमर बिजनेस अफिसर उपांग दत्ताले भने ।

विपद्को समयमा सञ्चार सेवाले सूचना आदानप्रदान, आपसी समन्वय तथा खोज, उद्धार र राहत वितरणका कार्यलाई प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका खेल्छ । निःशुल्क सेवाले प्रभावित समुदायका सर्वसाधारणलाई परिवारका सदस्य, आफन्त तथा उद्धार र राहत कार्यमा संलग्न टोलीसँग सम्पर्कमा रहन सहज बनाउँदै आएको छ ।

यसैगरी एनसेलले भोटेकोशी बाढीका कारण प्रभावित क्षेत्रमा अवरुद्ध भएका आफ्ना ९२ प्रतिशत टावर पुनः सञ्चालनमा ल्याई सेवा प्रवाह गर्दै आएको छ । कम्पनीले बाँकी टावरहरू पुनः सञ्चालनमा ल्याउन आवश्यक कार्यसमेत गरिरहेको जनाएको छ । बाढीका कारण एनसेलका कुल २७ वटा टावर अवरुद्ध भएका थिए। हिजो बिहीबार कम्पनीले आफ्नो २५औं टावर नुवाकोटको त्रिशुलीमा पुनः सञ्चालनमा ल्याएको छ । रसुवाको घट्टेखोला, टिमुरेमा रहेको एक टावर भने पूर्ण रूपमा नष्ट भएको छ । रसुवाकै उत्तरगया, तिरुमा रहेको बाँकी एक टावरमा हेलिकप्टरमार्फत आवश्यक उपकरण पुऱ्याई सेवा पुनः सञ्चालन गर्न आवश्यक समन्वय भइरहेको एनसेलले जनाएको छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ